सरकारी कार्यालय तथा सार्वजनिक संस्थाहरूबाट प्रदान गरिने सेवासुविधा सम्बन्धमा कुनै किसिमको दु:ख-कष्ट वा अनावश्यक ढिलासुस्ती, झन्झट वा अठ्यारा भोग्नुपरेमा सोको सूचना र सेवाप्रवाह सुधारको लागि कुनै सुझाव भए राष्ट्रिय सतर्कता केन्द्रमा जानकारी गराऔं ।

नेपाल सरकार
विज्ञापन बोर्ड

PRATEEK DAILY

# प्रतीक

दैनिक

राष्ट्रिय 'क' वर्ग

eprateekdaily.com



निश्शुल्क प्रतीक दैनिक पढ्न चाहनुहुन्छ भने लग अन गर्नुहोस् ।

epratekdaily.com

❖ वर्ष ३७ ❖ २०८० असोज ०६ गते शनिवार // मृत भस्म नबन्दैमा भिःल्को भैकन बल्छु // 2023 September 23 Saturday ❖ मूल्य ५/- ❖ पृष्ठ सङ्ख्या ६ ❖ अङ्क ३५

## दोषीलाई कारबाई र पीडितलाई क्षतिपूर्ति दिने सुरक्षा समितिको निर्णय

## हिजोदेखि तनावग्रस्त सर्लाही सर्वदलीय बैठकपछि सामान्य

नितेश कर्ण, वीरगंज, ५ असोज/

सर्लाहीमा हिजोदेखि भएको दुई समुदायबीचको विवाद आज शुक्रवार दिउँसो नगरपालिकामा भएको सर्वदलीय निर्णयपछि साम्य भएको छ ।

जिल्ला सुरक्षा समिति, सर्लाहीका अध्यक्ष एवं प्रमुख जिल्ला अधिकारी इन्द्रदेव यादवको अध्यक्षता तथा प्रदेशसभा सदस्य कौशलकिशोर राय यादवको प्रमुख आतिथ्यमा बसेको सर्वदलीय बैठकले निष्पक्ष छानबिन गरी घटनाका दोषीहरूलाई कारबाई गर्ने, पीडितहरूलाई क्षतिपूर्ति उपलब्ध गराउने निर्णय गरेपछि हिजोदेखि शुरू भएको दुई समुदायबीचको विवाद साम्य भएको हो ।

बैठकले घटनासम्बन्धी सूक्ष्म समीक्षा गर्दै सबै मूर्तिलाई एकै स्थानमा राखेर आज साँझ ५ देखि ७ बजेसम्म विसर्जन गर्ने निर्णय गरेको थियो ।

यसैगरी, सत्यतथ्य पत्ता लगाएर घटनाका दोषीलाई कारबाई गर्ने, ब्रह्मपुरी गापामा तोडफोड गर्ने अराजक तत्वलाई पहिचान गरी कारबाई गर्ने, घटनामा मानवीय र भौतिक क्षति पुऱ्याउने व्यक्ति पहिचान गरी निजबाटै क्षतिपूर्ति भराउने, घटना पुनः नदोहोरिन दिने विषयमा सबै पक्षले गम्भीरतापूर्वक आफ्नो दायित्व निर्वाह गर्ने निर्णय भएपछि हिजोदेखि भएको विवाद आज साम्य भएको हो ।



कर्फ्यूको अवज्ञा गर्दै सर्लाहीको सदरमुकाम मलङ्गवा जाने सडकखण्डमा स्थानीयले टायर बाल्दै र आन्दोलनकारी तथा प्रहरीबीच झडप, अश्रुग्याँस प्रहार । तस्वीर: नितेश कर्ण

श्रीकृष्ण जन्माष्टमीको मूर्ति सेलाउने क्रममा हिजो विवाद भएपछि राति १० बजेदेखि जिप्रका, सर्लाहीले निषेधाज्ञा जारी गरेको थियो । निषेधाज्ञा जारी गरे पनि आज बिहानदेखि प्रदर्शन गरिएको थियो भने जिल्ला प्रशासन कार्यालय घेराउको क्रममा केही सेल अश्रुग्याँस प्रहार गरिएको थियो ।

## बारामा अन्तरजातीय विवाह गरी बच्चा जन्माएकी महिलाको बिजोग

प्रस, परवानीपुर, ४ भदौ/

बारामा एकजना महिला अन्तरजातीय विवाह गरी बिचल्लीमा परेकी छन् । बारा, कलैया उपमहानगरपालिका वडा नं २३ की २० वर्षीया महिला बिचल्लीमा परेकी हुन् ।

दुई वर्षअघि सोही वडाका एकजना युवकसँग भागेर अन्तरजातीय विवाह गरेकी उक्त महिलाको नौ महीनाको छोरा छ । तर पतिको घरपरिवारले आफूलाई नस्वीकार्दा आफू समस्यामा परेको बताएकी छन् । कलैयाको एक सरकारी विद्यालयमा कक्षा ८ मैं पढ्दा चमार जातिकी छात्राको कानू जातिको छात्रसँग प्रेम बसेको थियो । त्यति बेला उनीहरूले भागेर विवाह गरे ।

घरपरिवारले जिल्ला प्रहरी कार्यालय, बाराबाट दुवैजनालाई अलग्याएर घर ल्याउँदासमेत उनीहरू दोस्रोपटक भागेर चितवनको भरतपुरमा कोठा लिएर बस्न थालेका थिए । पछि केटाको परिवारलाई थाहा भएपछि चितवन प्रहरीको सहायताले पुनः छुटाएर दुवैलाई उनीहरूको आआफ्नो घर पठाइयो ।

त्यति बेलासम्म महिला गर्भवती भइसकेकी थिइन् । उनले आफ्नै वडाका २२ वर्षीय दीपेश गुप्ता (कानू)सँग अन्तरजातीय विवाह गरी बच्चा रहन गएको कलैयाको देवकीलाल धर्मशालामा पत्रकार सम्मेलन गरी जानकारी गराएकी छन् ।

पतिको घरमा बस्न पाउनुपर्ने माग राख्दै उनले जिल्ला प्रहरी कार्यालय, बारामा पटकपटक धाइराख्दा पनि आफूले न्याय नपाएको दुःखेसो पोखिन् । उनले पति गुप्ताले ससुराली पक्षले गायब बनाएको आरोप लगाएकी छन् ।

"जिल्लामा गत असारमैं आएर उजुरी गरेकी थिएँ, प्रहरीले ससुरालाई समातेर पनि ल्यायो तर सोही दिन साँझ छोड्यो," बिचल्लीमा परेकी महिलाले सुनाइन्, "प्रहरीलाई ससुराले दीपेश सम्पर्कविहीन रहेको र उनले आफैं खोजिरहेको र छोरो आएपछि बुहारीको समस्या समाधान हुने बताएपछि प्रहरीले छोडेको हो ।" पीडित महिलाले ससुरारी



पक्ष माथिल्लो जातिको भएकोले आफूलाई घरमा बस्न नदिएको र यदि आफूलाई उक्त घरमा भित्र्याएमा उनीहरूको प्रतिष्ठामा आँच आउने डरले घटना बङ्ग्याएर आफूलाई दुःख दिइरहेको आरोप लगाएकी छन् ।

यस विषयमा बाराका प्रहरी उपरीक्षक सुरेश काफ्लेले आफू पनि भर्खरै आएकोले पीडित पक्षसँग घटनाबारेमा जानकारी लिएर अनुसन्धान अघि बढाउने बताए ।

## सङ्घीयतालाई बुझ्न मधेस आएको हुँ -रास्वपा पूर्वमन्त्री अर्याल

प्रस, परवानीपुर, ५ असोज/

राष्ट्रिय स्वतन्त्र पार्टीका उपसभापति



तस्वीर: प्रतीक

एवं पूर्व श्रम तथा रोजगार मन्त्री डोलप्रसाद अर्यालले सङ्घीयताको प्रतिफल बुझ्न मधेस आएको बताएका छन् । उनले तीन दिने पर्सा भ्रमणको क्रममा विभिन्न स्थानीय तहमा पुगेर यहाँका समस्याबारे सर्वसाधारणसँग जानकारी प्राप्त गरी मधेसलाई बुझ्ने प्रयास गर्ने बताए ।

वीरगंजमा शुक्रवार आयोजित पत्रकार भेटघाट कार्यक्रममा उपसभापति अर्यालले मधेसका मुद्दा बुझेपछि मात्रै मधेसबारे पार्टीको धारणा स्पष्ट पार्ने बताउँदै उनले भने, "मधेसले के चाहेको छ ? मधेसका मुद्दाहरू के के हुन् ? यसबारेमा पार्टीले बुझ्ने काम गरिरहेको छ ।"

अर्यालले पुराना वा ठूला भनिएका राजनीतिक दलले अहिलेसम्म मधेसलाई बुझ्नै नसकेको रास्वपाको निष्कर्ष रहेको पनि बताए । उनले भने, "त्यही कारणले उनीहरूले मधेसलाई माया दिन सकेका छैनन् । मधेसका मुद्दा सम्बोधन गर्न सकेका छैनन् ।" अहिले मधेसका आठवटै जिल्लामा रास्वपा सङ्गठन विस्तारको अभियानमा लागेको जानकारी पनि गराए । अर्यालले संविधान संशोधनका लागि रास्वपाले संसद्मा जोडदार ढङ्गले आवाज पनि उठाउने बताए । संविधानमा केही कुरा असाध्यै राम्रा पनि छन् । तर धेरै कुरा सच्याउनुपर्ने पनि छन् । त्यस कारण संविधान संशोधन गर्नुपर्छ । यो



राष्ट्रिय स्वतन्त्र पार्टीका केन्द्रीय उपसभापति अर्याल पर्सागढीमा जनताको जनगुनासो सुन्दै । तस्वीर: बलिराम शुक्ला

रास्वपाको स्पष्ट धारणा पनि हो, उनको भनाइ थियो ।

सङ्घीयताबारेमा रास्वपामा अहिलेसम्म कुनै बहस नभएको उनले बताए । उनले भने, "सङ्घीयताकै कारणले देश सकियो, यो खारेज हुनुपर्छ भन्ने भाष्य निर्माण गर्न खोजिँदैछ । तर रास्वपामा भने सङ्घीयता राख्ने कि हटाउने भन्ने विषयमा आजसम्म बहस नै भएको छैन ।" राजतन्त्र र राजा फर्काउने सन्दर्भमा सञ्चारकर्मीले सोधेको प्रश्नमा उपसभापति अर्यालले नेपालमा अब राजा वा राजतन्त्रका बारेमा बहस गर्नु आवश्यक नै नभएको बताए । उनले भने, "पूर्वराजालाई राजनीतिमा फर्कने चाहना नै छैन । तर केही दल उनको नाम भजाएर राजतन्त्र फर्काउने भन्दै सडकमा उफ्रिरहेका छन् ।"

रास्वपाका सदस्य मुर्ली जालानको अध्यक्षतामा भएको कार्यक्रममा रास्वपाकी मधेस प्रदेश सदस्य तुलसा पौडेल अधिकारी, नेताहरू शेखर अग्रवाल, दीपेन्द्र साह, नवलकिशोर साह, प्रकाश साहलगायतको सहभागिता थियो ।

**भ्रष्टाचारको प्रमुख शत्रु रास्वपा - उपसभापति अर्याल**

बलिराम शुक्ला, बिरुवागुठी/

राष्ट्रिय स्वतन्त्र पार्टीका केन्द्रीय

(बाँकी पाँचौं पातामा)

## विन्ध्यवासिनी गाउँपालिकामा न्यायिक संवाद

## कानून व्यवसायीको शुल्क चर्को भएको गुनासो

प्रस, वीरगंज, ५ असोज/

कानून तथा न्यायिक प्रक्रियाका कार्यक्रममा न्यायाधीश अच्युतप्रसाद भण्डारीले अदालतमा न्याय सम्पादन गर्दा र सेवाग्राहीले यसबारेमा सचेत हुन आवश्यक रहेको बताइन् ।





तस्वीर: प्रतीक

बारेमा उच्च अदालत जनकपुर अस्थायी इजलास वीरगंजबाट प्रदान गरिने विभिन्न सेवासुविधाका बारेमा न्यायिक संवाद कार्यक्रममार्फत जानकारी गराइएको छ ।

विन्ध्यवासिनी गाउँपालिकामा न्यायमा बाह्य पहुँच कार्यक्रम अन्तर्गत शुक्रवार न्यायिक संवाद कार्यक्रमको आयोजना गरेको न्यायिक टोलीले अदालतले दिने सेवासुविधा र प्रक्रियाबारे जानकारी गराउनुका साथै न्यायप्रति जनताका गुनासा सङ्कलन गरेको थियो ।

कार्यक्रममा अदालतले दिने सेवासुविधा, प्रक्रिया, नागरिक पहुँच, उपलब्ध सेवासुविधाप्रतिको धारणा, नागरिक बडापत्र अनुसार काम भए नभएको, सेवाप्रवाहलगायतका विषयमा स्थानीय जनप्रतिनिधि, कर्मचारी, विद्यार्थी, नागरिकसँग अन्तर्क्रिया गरिएको थियो । विभिन्न जटिलता आएको भन्दै झगडिया पक्षहरू विभिन्न प्रकृतिका हुने भएकाले न्यायिक फैसलामा बाधा पुऱ्याउने काम पनि हुने गरेको बताए । उनले न्यायाधीशलाई कार्यसम्पादन गर्न सबैको भूमिका महत्त्वपूर्ण भएकाले मुद्दाको मिसिल तयार गर्दा घटना विवरण उल्लेख गर्नुपर्नेमा जोड दिए ।

गापाध्यक्ष प्रमोद तिवारीले अदालती सेवासुविधा र न्यायिक प्रक्रियाबारे स्थानीयलाई जानकारी गराउनु राम्रो प्रयास भएको र यसले आगामी दिनमा अदालतप्रतिको दृष्टिकोणमा परिवर्तन आउने बताए ।

अदालतकी रजिस्ट्रार रामप्यारी सुनुवारले अदालतले निष्पक्ष सेवा दिँदै आएको दाबी गरिन् । उनले दलालबाट जोगिएर काम गर्नुपर्ने चुनौती पनि रहेको

कार्यक्रममा सहभागी स्थानीयले अदालतमा अनावश्यक दुःख पाउने गरेको, कानून व्यवसायीहरूको शुल्क चर्को भएको, बिचौलियाले सताउने गरेको, समयमै न्याय निसाफ पाउन गाह्रो भएको, आदेश पालना र कार्यान्वयनमा समस्या हुने गरेकाले अदालतप्रतिको आकर्षण घटेकोलगायतका गुनासाहरू न्यायिक टोलीसमक्ष राखेका थिए ।

कार्यक्रममा अदालतका उपरजिस्ट्रार प्रेमप्रसाद पौडेल, गापा उपाध्यक्ष एवं न्यायिक समितिकी संयोजक ज्योति चौरसिया, उच्च अदालतका शाखा अधिकृत दीपेन्द्रकुमार तिवारी, प्रमुख प्रशासकीय अधिकृत राकेश ओझा, शिक्षा शाखा प्रमुख कपिल लामिछानेलगायतले न्यायिक प्रक्रियाबारे आआफ्नो धारणा राखेका थिए ।

### विचारसार र सूक्तिहरू

**सल्लाहका सयौं शब्दभन्दा बढी अनुभवको एउटा ठक्करले मान्छेलाई मजबूत बनाउँछ।**


प्रकाशक : प्रतीक प्रकाशन समूह प्रा. लि. , वीरगंज-११
प्रधान सम्पादक : जगदीशप्रसाद शर्मा
व्यवस्थापक/सम्पादक : विकाश शर्मा
सम्पादक : शत्रुघ्न नेपाल/ खड्गबहादुर श्रेष्ठ (प्रताप)
समाचार सम्पादक : आरके पटेल
बारा विशेष प्रतिनिधि : गम्भीरा सहनी
मुद्रक: प्रतीक प्रकाशन समूह प्रा. लि. (अफसेट छापाखाना)
त्रिमूर्ति सिनेमा हल रोड, श्रीपुर, वीरगंज-११ (नेपाल), पोस्ट बक्स नं. ७९, फोन नं. ०५१-५२५१२२, ५२३१०५
email: prateekdaily@gmail.com
Website: www.eprateekdaily.com


## आममाफी र कट्टा

**यसपटक संविधान दिवसको अवसरमा वीरगंज कारागारका १७ जना कैदीबन्दी कारागारमुक्त भएका छन्। संविधान दिवसको अवसरमा मुलुकभर ६७० जनाले थप कैद भुक्तान गर्नु नपर्ने भएको छ। यसरी मुक्त हुनेहरूमा राष्ट्रपतिबाट आममाफी पाएका र कैद छुट पाएका दुवै प्रकृतिका छन्। अदालतबाट दोषी ठहर भएर कारागारमा परेका अभियुक्त, जसको कैद भुक्तानी अवधि जति भएपनि बाँकी कैद बस्न नपर्नेगरी 'आममाफी' दिइन्छ भने कारागार भुक्तान गर्न तोकिदिएको अवधिको कम्तीमा ५० प्रतिशत अवधि कारागार भुक्तान गरिसकेका कैदीबन्दीलाई बाँकी कैद बस्न नपर्नेगरी 'कैद मिनाहा' गरिन्छ। कारागारमा परेका हरेकको आआफ्नै कथा छ। सोमध्येमा पनि परिबन्धमा परेकाहरूको कथा, व्यथा छुट्टै हुन्छ। यथार्थमा ऊ दोषी होइन, तर कानून एवं प्रमाणको आधारमा दोषी हो। कारागारलाई कारागार नभनी 'सुधारगृह' नामकरण भइसकेको छ। कागरागारमा राख्नुको उद्देश्य सुधार गर्नु हो। कतिपय कैदीबन्दी आफूले विगतमा गरेका गलतीमा पश्चात्ताप गर्दै पूर्णरूपमा सुधार भइसकेका हुन्छन्। परहित, परउपकार, मानव एवं प्राणी जगत्को कल्याणमा दत्तचित्त भएर लागिपरेका हुन्छन्, त्यस्ता व्यक्तिलाई सुधारगृहमा राखिराख्नु जरुरी हुँदैन। त्यसैगरी, ज्येष्ठ नागरिक, अति अशक्त अवस्थाका व्यक्ति र राष्ट्रिय महत्त्वका व्यक्तिहरू पनि सुधारगृहमा पुग्न सक्छन्। आममाफी र कैद छुटको व्यवस्था उनीहरूका लागि राखिएको हो।**

**हाम्रो मुलुकमा संविधान दिवस, गणतन्त्र दिवसलगायतका विभिन्न उत्सवहरूमा राष्ट्रपतिद्वारा कैदीबन्दीलाई आममाफी एवं कैद छुट दिने चलन छ। मुलुक सङ्घीय लोकतान्त्रिक गणतन्त्रमा प्रवेश गरेपछि सरदर वार्षिक १,३५० जना कैदीबन्दीलाई राष्ट्रपतिले कैद छुट तथा आममाफी दिएको पाइन्छ। पछिल्लो पाँच वर्षको अवधिमा छ हजार ७४६ जना कैदीबन्दीले माफी मिनाहा पाइसकेका छन्। ककसलाई माफी मिनाहा दिने भन्ने कुरा सङ्घ सरकारको मन्त्रिपरिषद्ले निर्णय गरेर राष्ट्रपतिलाई पठाएपछि राष्ट्रपतिले सहीछाप गर्ने हो। राष्ट्रपतिलाई चित्त बुझेन भने स्पष्ट हुनेगरी जवाफ माग्ने र रोक्ने अधिकार छ।**

**राष्ट्रपतिको यो विशेष अधिकारलाई दुरुपयोग पैसा र पहुँचको आधारमा छुट पाउने प्रवृत्ति मौलाउन थालेको छ। विशेषगरी सत्तामा रहने दलहरूले यस्ता विकृतिलाई मलजल गरिरहेका छन्। यस वर्ष गणतन्त्र दिवसको उपलक्ष्यमा फरार सूचीमा रहेका अभियुक्तहरूलाई समेत माफी, मिनाहा गरिदिन भन्दै मन्त्रिपरिषद्ले राष्ट्रपति कार्यालयमा सिफारिश पठाएको थियो। यसमा राष्ट्रपति रामचन्द्र पौडेलले पनि राम्रो सबक सिकाइदिए। फरार सूचीमा रहेका ३४ जनाको नाम मन्त्रिपरिषद्मा नै फिर्ता गरिदिएका छन्। यतिले मात्रै विकृति टरेको छैन। नियम कानूनलाई मिचेर जघन्य अपराधका दोषीहरूलाई कारागारमुक्त गरिंदैछ। मुलुकी फौजदारी कार्यविधि संहिता २०७४ र फौजदारी कसूर ऐन २०७४ ले जन्मकैदको सजाय पाएको, जबरजस्ती करणी, भ्रष्टाचार, मानव बेचबिखन तथा ओसारपोसार, लागूऔषध, सङ्गठित अपराध, मानवताविरुद्धको अपराध, क्रुर हिंसालगायतका अपराधमा सजाय भुक्तान गरिरहेकाहरूलाई आममाफी वा कैद कट्टा गर्न नहुने स्पष्ट व्यवस्था छ। कानूनको धज्जी उडाउँदै सरकारले माफी मिनाहा गराइरहेको छ। यसले कानूनी राज्यको उपहास [redacted] आउने निश्चित छ।**

# त्रिसुलीको पानीमा, घरमा बसु सौता छ माइत सानीमा

गत वर्षझैं यस वर्ष पनि तीज पर्व सकियो। पोहोर, परारजस्तै एक महीना अगाडिदेखि तीजको रमझम गाउँशहरमा देखिएको थियो। तीजका विभिन्न पक्षबारे बौद्धिक चर्चा पनि भएकै हो। एकथरि मानिसले तीजमा निकै विकृति भित्रियो भनेर सार्वजनिक टीकाटिप्पणी गरे भने अर्काथरिले मौलिक संस्कृतिको रक्षा हुनुपर्छ भन्दै अन्धविश्वास र रूढिवादिताको बलियो वकालत गरे। नेपाली समाज संसारभरि छरिएर बसेको छ, जहाँजहाँ नेपाली छन्, ती सबै ठाउँमा धेरथोर तीज मनाइएकै छ। त्यसैगरी, सबै ठाउँमा तीजमा देखिएका विकृति, विसङ्गतिबारे खुलेरै चर्चा भएको वा त्यसको भिडियो बनाइ युटचुबमा हालेको पनि निकै देखियो। महिलाहरूले सामूहिक दरमा खाने गरेका मद्यपान तथा जानेगरेका तारे होटलहरू पनि चर्चाका विषय रहे। खासगरी एउटै महिलाले एकै दिनमा पाँच ठाउँमा दर खान जाँदा पाँच रङ्गको सारी लगाएको कुरा पनि चर्चाको विषय बन्यो। यसरी महिलाहरूले मद्यपान गरेका दृश्यको विरोध प्रायः पुरुषहरूले यस कारणले गरेनन् कि त्यसबाट उनीहरूको स्वास्थ्य बिग्रिन्छ वा बिरामी पर्छन्, बरु पुरुषसरह मद्यपान गर्दा पुरुषसत्ताको बर्खिलाप भयो। आधुनिक गीतको रूपमा ३२ वर्षदेखि नेपाली चेलीहरू 'तीजको लहर आयो बरी लै' गीतमा नाच्दै आएका छन्। वास्तवमा २०४६ सालको राजनीतिक सुधारसँगै प्रदर्शनमा आएको 'कन्यादान' चलचित्रको उक्त गीतले तीन दशकभन्दा लामो समयदेखि तीजको लहर वर्षैपिच्छे अविच्छिन्नरूपमा ल्याउँछ। अनुमान गर्न कठिन छ, यो लहर अझै कति दशक चल्ने हो। यहाँ प्रश्न उठ्छ के साँच्चै प्रत्येक वर्ष 'तीजको लहर' आउँछ त?

प्रत्येक वर्षको भाद्र शुक्ल तृतीयाको दिनलाई नेपाल सरहदका पहाड तथा मधेस भूगोलका हिन्दू धर्मावलम्बी, विशेषगरी जात व्यवस्था अन्तर्गत उच्च जातका र हालको अवस्थामा यही पृष्ठभूमिका देश–विदेशमा छरिएर रहेका विभिन्न जातका महिलाहरूले ऋणै काढेर भएपनि हरितालिका तीज धूमधामसँग मनाउँछन्। सामाजिक संरचनात्मक लाभांशको कोणबाट हेर्ने हो भने नेपालको सन्दर्भमा तीज पर्वमा विश्वास र आस्था राख्ने महिला नै सबैभन्दा अग्रपङ्क्तिका शक्तिशाली र अवसरहरूको पहिलो भागीदारका रूपमा हाम्रो समाजमा स्थापित छन्। तर यसको द्वन्द्वात्मकता पनि सँगै आइहाल्छ, अर्थात् शासक वर्गकै भए पनि पितृसत्तात्मक आर्थिक, राजनीतिक र सांस्कृतिक जगमा उठेको सामाजिक व्यवस्थाले जाति व्यवस्था अन्तर्गत रहेका कथित उच्च जातका महिलामा उत्पीडनको घनत्व बढ्ता थोपरिएको देखिन्छ।

मानव विकासको एउटा चरणमा परिवारको विकास भइसकेपछि निजी सम्पत्तिको अवस्था उत्पन्न हुँदा आफ्नो वारेसको आवश्यकता पूरा गर्न निजी पत्नी तथा निजी सन्तान बनाउन (त्यतिबेला समाजमा सामूहिक पत्नी तथा सामूहिक सन्तान नै हुने गर्थ्यो) कबिला युगमा एउटा कबिलाले अर्को कबिलाबाट अपहरण गरेर ल्याई सामूहिक बलात्कार गर्दै पत्नी बनाई बन्धक बनाइएको मानिन्छ। त्यस्तो विवाह संस्था उहिले महिला प्रजाति स्वयंलाई सामान्य, उचित र अपरिहार्यजस्तो लाग्थ्यो। ठीक त्यसैगरी करीब पाँच हजार वर्ष अघिदेखि शुरू भएको संसारकै सबैभन्दा लामो र मात्रामा घनत्व बढी भएको महिला उत्पीडनले खडा गरेको तीजजस्ता अपमान र असमान चाडपर्व पनि वैज्ञानिक, सामान्य र सान्दर्भिक तथा मौलिक संस्कृति लाग्नु र यो आलेख पढ्दा चिट्चिट पसिना आउनुको साथै विषयवस्तु गलत लाग्नु स्वाभाविक हो।

स्वतन्त्र विचार



बैधनाथ श्रमजीवी
baidhnath2071@gmail.com

**अहिलेको जस्तो सामाजिक जटिलता र विज्ञानमा भएको चामत्कारिक विकासको युगमा दिनभरि निर्जल र निराहार व्रत बसेर शिवलिङ्गको पूजा गरेर, शिवजस्तो बेफिक्र जीवनसाथी पाउन अविवाहित र विवाहित महिलाको तत्परता देखिंदैन।**

२०औं शताब्दीका अमेरिकी लेखक एवं रेडियोकर्मी अर्ल नाइटिङ्गेलका अनुसार हामीले हाम्रो अवचेतन मनमा पुनरावृत्ति र भावनाद्वारा मलजल गरी जे बीजारोपण गर्छौं, त्यो एक दिन पलाउन थाल्छ। उनको दृष्टिकोणभन्दा अझै माथिबाट हेर्दा त्यो बीजारोपण र पुनरावृत्ति भावनामार्फत निरन्तर फकाएर वा डन्डा चलाएर लाद्ने काम भने आफ्नो अनुकूलताको शासन प्रणालीमार्फत शासक वर्गले गरिरहेको हुन्छ।

९१ वर्षसम्म हिन्दू उच्च जात कहलिएका भारतीय महिलाले आत्मदाह नगर्दा पनि धर्म उल्लङ्घन गरेको ठहरिएन, तर सोही धर्म र जातका नेपाली महिलाहरूलाई भने भटाभट डढाएर मारियो। विक्रम संवत् १९७७ असार २५ गते सतीप्रथा उन्मूलन हुनुभन्दा एक दिन अघिसम्म कथित उच्च जातका महिला स्वस्फूर्त सती गएकै थिए भने उक्त दिनबाट निषेध गर्नासाथ जान पनि छोडे। आत्मघाती कुरामा पनि लामो समयसम्म निरन्तर प्रशिक्षित गरियो भने प्रशिक्षार्थीलाई सही र जायज लाग्छ भन्ने कुरा त्यसबाट प्रमाणित हुन्छ।

शासक वर्गले धर्मान्धता, जडता, अन्धविश्वास र पछौटेपनलाई पालनपोषण गर्छ र जिउँदै राख्छ। सहज सत्ता सञ्चालनका लागि यी तत्त्व आवश्यक ठानिन्छ। शासनसत्ताले आफ्ना धार्मिक, सांस्कृतिक, बौद्धिकलगायत सबै संयन्त्र तथा गृह प्रशासन, सञ्चार, बजार आदिको परिचालनमार्फत तीजको लहर पनि जबरजस्ती ल्याएको हुन्छ, जसलाई सचेतन प्रयत्नकारीहरूले आलोचनात्मक दृष्टिकोणबाट हेर्नुपर्ने हुन्छ।

**प्रत्येक चाडपर्वका दुई पक्ष**

संसारभरका धर्ममा उद्धृत र मनाइँदै आएका प्रत्येक चाडपर्वहरूमा मूलतः दुई पक्ष हुने गरेझैं तीजका पनि दुई पाटालाई हेरौं।

**१) धार्मिक पक्ष :**

पूर्वीय दर्शनमा विभाजित युगहरूमध्ये पहिलो सत्ययुगमा भगवान् शिवलाई पतिका रूपमा पाउन हिमालयपुत्री पार्वतीको कठोर तपस्याको कथाबाट हरितालिका तीजको मिथक शुरू भएको देखिन्छ। ती मिथकीय पात्रहरूले गरेजस्तै क्रियाकलाप अझै पनि हिन्दू धर्मावलम्बी महिलाले धार्मिक आस्थाका आधारमा गर्दै आएका छन्। अहिलेको जस्तो सामाजिक जटिलता र विज्ञानमा भएको चामत्कारिक विकासको युगमा दिनभरि निर्जल र निराहार व्रत बसेर शिवलिङ्गको पूजा गरेर, शिवजस्तो बेफिक्र जीवनसाथी पाउन अविवाहित र विवाहित महिलाको तत्परता देखिंदैन।

अर्को कुरा, पार्वतीको जस्तो फुर्सद अहिलेका महिलालाई पटक्कै छैन। तेस्रो कुरा, यो पितृसत्ताद्वारा निर्देशित प्रथा हो, किनकि कुनै पुरुषले महिला पाउनका निम्ति व्रत बस्नुपर्ने नियम कतै भेटिंदैन। आफ्नो प्रजातिको रक्षा र पुस्ताको निरन्तरताका निम्ति गर्भाधान प्रक्रिया अघि बढाउन पाठेघरमा हुने नियमित जैविक चक्रलाई पाप वा अनिष्ट देख्ने पितृसत्तात्मक विचारधारा बोकेका यस्ता अवैज्ञानिक र घोर असमान मान्यतालाई बेदखल गर्न व्यापक बहस गरिनुपर्दछ।

**२) सांस्कृतिक पक्ष :**

हरितालिका तीजलाई, महिलाविशेष पर्व'को खोल लगाइएको भए तापनि यो विशुद्धरूपमा पितृसत्ताको हुङ्कार मचाउने चाडको रूपमा चित्रण गर्नु वस्तुगत देखिन्छ। मैमत्त पितृसत्तालाई खुशी पार्ने र टिकाइराख्ने यो संस्कृति हो भने महिलामाथिको दमन यसको राजनीति।

**तीजमा गाइने गीतको सन्दर्भ :**

सामन्तवादी समाजमा सापेक्षिक रूपमा महिलामाथि भएको दमन, अत्याचार र थिचोमिचो व्यक्त गर्ने कुनै सार्वजनिक स्थल थिएन। त्यसैले मनमा दबाएर र लुकाएर राखेको पीडा र मर्मलाई गीतमार्फत तीजको बेला महिलाले पोख्ने गर्थे। अहिले भने विकसित राजनीतिक चेतना र विज्ञान–प्रविधियुक्त विश्वमा शोषण–दमनलाई तीजमा मात्रै होइन, पल–प्रतिपल लेख रचना, सामाजिक सञ्जाल र कार्यक्रम वा आफू सङ्गठित संस्थामार्फत मुखरित गर्ने सुविधा छ। तीज गीतका निम्न भाष्यहरूलाई इतिहासमा यस्तो पनि हुँदो रहेछ भनेर सुन्दा हुन्छ, तर यसमा डुबेर गुनासो गर्नु हास्यास्पद हुन्छ।

'बिर्सेर आजलाई कर्करे सासू आमाजू–नन्दले दिएका आँसु,' हाम फालेर मरौं कि त्रिशूलीको पानीमा, घरमा बसूँ सौता छ, माइत सानीमा।

जुन पितृसत्ताविरुद्ध जुरमुरिएर शोषित–उत्पीडित महिलाहरू सङ्गठित हुँदै लड्नुपर्ने हो, उनै सहयोद्धा उत्पीडितको उछित्तो काढ्दै नुन खाएको कुखुराजस्तो झोक्राएर बस्नु बिलकुल सही र सान्दर्भिक हुँदैन। कोसँग किन लड्ने भनेर दुश्मन र कारण पहिचान गर्नु पनि अबका महिलाहरूको दायित्व हुन आउँछ। बुहारीको मुक्तिको बाधक तत्त्व सासू, आमाजू वा नन्द हुन सक्दैनन्, न पुरुष नै हो। बाधक हो त केवल पितृसत्तात्मक विचारधाराद्वारा निर्देशित अर्थतन्त्र, राजनीति र संस्कृति। यही एकात्मक अर्थतन्त्र, राजनीति र संस्कृतिविरुद्ध लड्ने प्रतिरोधी भावना र विचार पैदा र निर्माण गर्ने गीत–सङ्गीतलाई अबका युवाले तीजका गीत बनाएर गाउनु र नाच्नुपर्छ।

**दर खाने संस्कृति :**

पुरुषवादी चिन्तन बोक्ने महिला र पुरुषहरूको 'दर–पार्टी'मा रक्सी पिएको देख्दा पितृसत्ताको आक्रोश छ्यापछ्याप्ती देख्न सकिन्छ। के खाने भन्ने विषय व्यक्तिको रोजाइमा भर पर्ने विषय हो, तर महीनौं दर मात्रै खाने गलत परम्परा विगत केही दशकदेखि विकसित भएको छ। यो समाजका निम्ति निकै घातक र प्रत्युत्पादक क्रियाकलाप हो। अतः धार्मिक क्रियाकलापबाट अलग्याएर सांस्कृतिक पक्षका केही सबल र सान्दर्भिक विषय जस्तै– साथीसङ्गी, परिवार र आफन्त जमघट भएर सौहार्दपूर्ण वातावरणमा खानपिन गर्नु र स्वस्थ गीतसङ्गीतमा नाच्ने र रमाउने संस्कृति अनुकरण गर्दै अगाडि बढाउनुपर्ने देखिन्छ।

**तीजको वर्तमान अर्थ राजनीतिक अवस्थाः**

पछिल्लो समयमा नेपालीका सबै चाडपर्व महँगो र भड्किलो हुँदै गएको पाइन्छ। चाडपर्वहरू सर्वहारा वर्गका मानिसलाई खिसीटिउरी र अपमान गर्ने र ऋणमा डुबाउने आहाल बनेको देखिन्छ। गहना, कपडा र अन्य सज्जाका सामग्री प्रदर्शन गर्ने प्रतियोगिता र होडबाजीजस्तो हुन पुगेको तीज पर्वले वर्गीय पक्षधरता बोकेको स्पष्ट देखिन्छ। समाजशास्त्री एभलिन रीडको 'महिला मुक्ति आन्दोलनका सम्बन्धमा' पुस्तकमा 'काँचो मासुका नाफाखोरहरू' उपशीर्षकमा नाफाखोरहरूलाई मुख्य तीन समूहमा विभाजित गरिएको छ।

१) नारी शरीरलाई वर्तमान समयको स्तरीय फेसन तथा ढाँचामा ढाली नाफा कुम्ल्याउने।

२) नारी शरीरमाथि प्रसाधनका सामान, रंगरोगन तथा अत्तर आदि पोतेर नाफा कुम्ल्याउने।

३) एक र दुई नम्बर बुँदामा उद्धृत शरीरमा रंगीबिरंगी उच्च दर्जाका फेसनका लुगा र गरगहना सजाएर नाफा कुम्ल्याउने।

राजनीतिक दलका मानिसहरू भने नाफाखोरहरूकै पैसाले पार्टी सञ्चालन र व्यवस्थापन गर्दै बसेका छन्। चुनाव खर्च बटुल्नुपर्ने हुँदा सत्ता टिकाउनकै निम्ति शर्मनाक स्थितिमा चुप बसिरहेछन्।

पितृसत्ताको अजङ्को पहाडलाई महिला मुक्तिको नवीन जागरण र चेतनाको सङ्गठित बलले भत्काउँदै समतुल्य समाज निर्माण गर्ने अभिभारा उत्पीडित महिला र सबै प्रगतिशील तथा क्रान्तिकारी पुरुषहरूको हो। तर ठीकविपरित कतिपय तथाकथित कम्युनिस्ट पार्टी तथा तिनका भगिनी सङ्गठनहरूले समेत हँसिया–हथौडा अङ्कित झन्डावाला टिसर्ट लगायर तीजको गीतमा छमछमी नाचेको देख्दा –'हग्नेलाई भन्दा देख्नेलाई लाज' – जस्तो हुन गएको छ।

# भारतमा थप आठ सय मेगावाट बिजुली निर्यात गर्न सकिने

काठमाडौं, ५ असोज/रासस

नेपाल र भारतबीचका प्रसारण संरचना र पूर्वाधारलाई अधिकतम क्षमतामा उपयोग गरेर थप आठ सय मेगावाट बराबरको बिजुली निर्यात गर्न सकिने भएको छ। सो विषयमा दुई देशका उच्च अधिकारीबीच प्रारम्भिक समझदारी भएको छ।

नेपाल विद्युत् प्राधिकरण र भारतको केन्द्रीय विद्युत् प्राधिकरणबीचमा भएको द्विपक्षीय छलफलका क्रममा हाल सञ्चालनमा रहेका प्रसारण पूर्वाधार र निर्माण सम्पन्न हुने चरणमा रहेका पूर्वाधार प्रयोग गरेर बिहार, उत्तर प्रदेशलगायत भारतीय राज्यमा बिजुली निर्यातका लागि थप सहज हुने भएको छ।

भारतको केन्द्रीय विद्युत् प्राधिकरणले प्रतिस्पर्धी बजारमा ५२२ मेगावाट र एनभिभिएनलाई ११० मेगावाट गरी कुल ६३२ मेगावाट विद्युत् हाल निर्यात भइरहेको छ। त्यसमध्ये ५६२ मेगावाट विद्युत् ढल्केबर–मुजफ्फपुर चार सय केभी क्षमताको अन्तरदेशीय प्रसारण लाइन र ७० मेगावाट महेन्द्रनगर–टनकपुरस्थित १३२ केभी प्रसारण लाइनबाट निर्यात भइरहेका छन्।

नेपाल र भारतका ऊर्जा सचिवस्तरीय निर्देशक समितिको गत फागुनमा सम्पन्न संयुक्त निर्देशक समितिको १०औं बैठकमैं बिहारसँग जोडिएका १३२ केभी क्षमताका प्रसारण लाइन प्रयोग गरेर भारतका अन्य राज्यमा समेत बिजुली निर्यातका लागि सहजीकरण गरिदिन प्राधिकरणले अनुरोध गरेको थियो।

उक्त विषयमा सो बैठकमैं सैद्धान्तिक सहमति भएको थियो। त्यसको प्रारूप तयार पार्न भारतको केन्द्रीय विद्युत् प्राधिकरणले अन्य भारतीय निकायसँगको परामर्शमा तय गर्ने निर्णय गरेको थियो। सोही सहमति अनुसार यही असोज २ गते भारतको राजधानी नयाँ दिल्लीमा

(बाँकी पाँचौं पातामा)

सामाजिक सेवामा समर्पित रिलिफ सोसाइटीको कार्यसमितिलाई चाहिने समय प्रदान गरी सामाजिक सेवामा सहभागी हुनुहोस्। रिलिफ भवन फोन ९८४५११९४४८

वाटिका

वर्ष ३७ २०८० असोज ०६ गते शनिवार 2023 September 23 Saturday


# नजीकका पौराणिकस्थल चिन्ने एउटा गहकिलो पुस्तक

पुस्तक चर्चा



सञ्जय मित्र
mitrasanjay41@gmail.com


डा यशवन्त कुमारद्वारा सम्पादित 'बिहार के लोकतीर्थ' हिन्दी भाषामा रहेको छ। यस पुस्तकलाई मुजफ्फरपुरमा रहेको तथागत सांस्कृतिक फाउन्डेशनले सन् २०१९ मा प्रकाशन गरेको हो। पुस्तकको मूल्य पाँच सय रुपियाँ राखिएको छ। हामीले फोटोकपी गर्ने एफोर साइजमा तर फोटोकपी कागजभन्दा अझ निकै स्तरीय चिल्लो कागजमा, रङ्गीन हार्ड कभर तथा हार्ड कभरलाई छोप्नेगरी रङ्गीन चिल्लो गाता भएको यस पुस्तकभित्रका कतिपय पाना पूर्णतया चिल्लो र रङ्गीन छन्।

जगत्गुरु स्वामी लक्ष्मणाचार्य, अयोध्याका स्वामी बालमुकुन्दाचार्यजी महाराज, स्वामी शिवजी सिंह तथा मन्त्री, पूर्वमन्त्री, सांसद र विधायकहरूको शुभकामना सन्देश तस्वीरसहित छापिएको यस पुस्तकको बाह्याकृति जति आकर्षक छ, भित्रको विषयवस्तु झन् आकर्षक रहेको छ। पुस्तकको शीर्षक 'बिहार के लोकतीर्थ' भनिएको छ र मुख्यगरी बिहार राज्यको सीमाभित्र रहेका ऐतिहासिक, पौराणिक र धार्मिक अनि सांस्कृतिक दृष्टिकोणले महत्त्वपूर्ण स्थानहरूका बारेमा प्रकाश पारिएको छ। तथ्य, लोककथ्य, मान्यता, विश्वास, मिथक र साक्ष्य आदिलाई आधार बनाएर लेखिएका लेखहरू साँच्चिकै पठनीय छन्।

विभिन्न विश्वविद्यालयका प्राध्यापक तथा विद्यावारिधि उपाधि हासिल अनि सिद्धहस्त खोजकर्ता, अनुसन्धानकर्ता र लेखकहरूद्वारा विभिन्न ठाउँका बारेमा लेखिएका लेखहरूको सङ्कलनको रूपमा आएको यो पुस्तक आफैंमा विशिष्ट बन्न पुगेको छ। चार दर्जनभन्दा बढी लेख सङ्कलित 'बिहार के लोकतीर्थ' अत्यन्तै लोभलाग्दो रहेको छ। महाविधावारिधि (डिलिट्) उपाधिले विभूषित अतिविशिष्ट विद्वान् डा अवधेश्वर अरुणाको भूमिकाले यस कृतिको ओज अझ बढाइदिएको छ।

कृतिको पहिलो आलेख डा कृष्णचन्द्र झा 'मयङ्क'को रहेको छ– 'दरभङ्गा महाराज के देवीमन्दिर'। अलिकति ऐतिहासिक सन्दर्भसहित दरभङ्गामा रहेको माँ श्यामा, माधवेश्वर, रुद्रकाली, कङ्काली आदि मन्दिरका बारेमा विभिन्न सन्दर्भसहित चर्चा गरिएको छ। दरभङ्गाभन्दा ६० किलोमिटर दक्षिण–पूर्वमा अवस्थित कुशेश्वर महादेव र भूतनाथ मन्दिरको विषयमा डा किरणशङ्कर प्रसादले चर्चा गरेका छन्। रामायणमा निकै महत्त्व दिइएको महिला पात्र अहल्याको बारेमा डा कल्पना कुमारीले 'अहल्याकी मोक्षभूमि : अहल्यास्थान'ले सुन्दर चर्चा गरेपछि अझ विस्तृतरूपमा कन्हैया कुमारले 'महर्षि गौतमका आश्रम एवं कुण्ड' शीर्षकमा स्पष्ट पारेका छन्। यो स्थान दरभङ्गा जिल्लामा रहेको कमतौल रेलवे स्टेशनभन्दा करीब पाँच किलोमिटर पश्चिम–दक्षिणमा रहेको बताइएको छ। मधुवनी जिल्लामा रहेको प्रसिद्ध शक्तिपीठ उच्चैठ दुर्गा स्थान, कपिलेश्वर महादेव तथा उगना महादेवको बारेमा डा रामविलासले 'भक्ति और आस्था का प्रतीक उच्चैठ दुर्गास्थान' शीर्षकमा प्रकाश पारेका छन्। यसैगरी, यसमा मङ्गरौलीकी बुढियामाई, राजनगरकी काली, गिरिजास्थान तथा हरलाखीमा रहेको भगवान् रामको तीरको बारेमा पनि प्रकाश पारिएको छ। मधुबनी जिल्लाकै तीर्थस्थलको बारेमा पत्रकार कपिल झाले 'शिव और पार्वतीकी क्रीडाभूमि कलुआही'को चर्चा गर्दै रामायण तथा महाभारतकालका विभिन्न सन्दर्भ र साक्ष्यलाई पनि प्रस्तुत गरेका छन्।

डा शत्रुघ्न राय 'शशाङ्क'ले समस्तीपुरका केही प्रमुख तीर्थस्थलहरूका बारेमा 'साम्प्रदायिक सद्भावका प्रतीक : खुदनेश्वर महादेव' शीर्षकमा प्रकाश पारेका छन्। बागेश्वरी नन्दन कुँवरले 'धर्मभूमि चम्पारण' शीर्षकमा चम्पारणको धार्मिक, पौराणिक तथा सांस्कृतिक महत्त्वलाई स्पष्ट पार्दै वाल्मीकिले रामायणको रचना गरेदेखि सीताले धरणी प्रवेश गरेको स्थलसम्म यहीं रहेको बताएका छन्। यसमा नरदेवी मन्दिर, बेतियाकी काली, केसरिया महादेव, सोमेश्वरनाथ महादेवसहित अरेराज आदिको सुन्दर चर्चा गरेका छन्। यसैगरी, अविनाश कुमारले 'केसरियाका बौद्धस्तूप' शीर्षकानुकूल चर्चा गर्दै अन्य केही स्थलका बारेमा पनि प्रकाश पारेका छन्। गणेश सारङ्गले 'जगत् जननी जानकीकी भूमि सीतामढी' शीर्षकमा सीताको जन्मभूमि पुनौराधाम, रामजानकी मन्दिर, अन्हारी, उर्विजा कुण्ड, हलेश्वर स्थान, पञ्च पाकड, बाबा नगेश्वरनाथधाम आदिको बारेमा उल्लेख गरेका छन्। रामनिवास शर्माले 'ईशाननाथ, दमामी' सीतामढी डुमराबाट २२ किलोमिटर टाढा रहेको रामजानकीसित सम्बन्धित मन्दिरको बारेमा लेखेका छन्। त्रिलोकीप्रसाद शर्माले 'परशुरामके आराध्य शिवका देकुलीधाम' शीर्षकमा शिवहर जिल्लामा रहेको देकुलीधामको रामायणसित सम्बन्ध स्थापित गरिएको लेख रहेको छ। सचिन कुमारले 'कटरागढकी चामुण्डामाता' शीर्षकमा मुजफ्फरपुर–दरभङ्गा सडकभन्दा अलिकति उत्तरमा रहेको शक्तिपीठलाई केन्द्रित गरी प्रकाश पारेका छन्। डा सञ्जय पङ्कजले 'सर्वधर्म समभावकी भूमि मुजफ्फरपुर : यही विराजते हैं बाबा गरीबनाथ' शीर्षकमा मुजफ्फरपुरमा रहेका विभिन्न धार्मिकस्थलहरूको वर्णन गरेका छन्।




प्रा राकेश सम्राटले 'आनन्द भैरवकी भूमि : भैरवस्थान'लाई चिनाएका छन्, जुन सीतामढीको रुन्नीसैदपुरनजीक रहेको छ। डा अल्पना कुमारीले 'बाबा खगेश्वरनाथ महादेव' शीर्षकमा मुजफ्फरपुर जिल्लाको मतलुपुर गाउँमा रहेको करीब तीन हजार वर्ष पुरानो महादेव मन्दिरको बारेमा जानकारी दिएकी छन् भने यसै जिल्लाको पानापुरस्थित भस्मीदेवीको बारेमा सतीश कुमारले प्रकाश पारेका छन्। डा रामेश्वर प्रसादले वसन्तपुरपट्टीको जगन्नाथ स्वामीका बारेमा चर्चा गरेका छन्। वैशाली जिल्लाको ऐतिहासिक, पौराणिक तथा पुरातात्त्विक परिचय सङ्क्षेपमा प्रस्तुत गर्दै डा यशवन्त कुमारले 'चौमुखी महादेव'बारे पठनीय सामग्री प्रस्तुत गरेका छन्। यो आलेख निकै परिश्रमपूर्वक तयार पारिएको विशिष्ट रहेको छ। कपिलदेव सिंहले 'बूढीमाई' शीर्षकमा वैशाली जिल्लाको चर्चित शक्तिपीठको चर्चा गरेका छन्। सुषमा सिंहले 'श्री बाबा पातालेश्वरनाथ मन्दिर' शीर्षकमा वैशालीकै उकबेलपुरमा रहेको शिवमन्दिरको बारेमा चर्चा गरेकी छन्। वैशालीकै कोनहाराघाट पनि प्रसिद्ध तीर्थस्थल हो। यसको सम्बन्ध नेपाल–अङ्ग्रेज युद्धसित पनि रहेको छ। डा अवधेश कुमारले मोक्षदायिनी कोनहाराघाटको बारेमा सङ्क्षेपमा लेखेका छन् भने कुमारी अमीषा सिंहले किंवदन्तीसहित कोनहाराघाटमैं रहेको 'नेपाली छावनी मन्दिर' शीर्षकमा प्रकाश पारेकी छन्। हरिपुरमा रामको चरण चिह्न रहेको विश्वासलाई चित्रसहित प्रा अरविन्दकुमार सिंहले 'श्री रामचौडा मन्दिर' लेखेका छन्। राकेश कुमारले 'लक्ष्मीनारायण मन्दिर' शीर्षकमा वैशाली जिल्लाकै वभनगामा कुडवामा रहेको मन्दिरबारे लेखेका छन्। वैशालीकै 'लोकदेव बाबा रामपाल' शीर्षकमा अनिल कुमार तथा 'माँ शारदाधाम' शीर्षकमा डा मनोज कुमारले लेखेका छन्। मेलाको लागि प्रसिद्ध सोनपुरमा रहेको 'बाबा हरिहरनाथ मन्दिर'को बारेमा अजीत कुमारले प्रकाश पार्दै विभिन्न किंवदन्तीहरू पनि प्रस्तुत गरेका छन्। यहीं रहेको 'नौलखा मन्दिर'को बारेमा रामचन्द्र सिंह त्यागीले प्रकाश पारेका छन्।

सारणमा रहेका विभिन्न धार्मिकस्थलका बारेमा प्रकाश पार्ने क्रममा शशिभूषण शर्माले सारणको परिचय दिँदै 'अति पावन है माँ गढदेवीका मन्दिर' शीर्षकमा चर्चा गरेका छन्। राजा दशरथले गरेको पुत्रयेष्ठि यज्ञसमेतलाई प्रस्तुत गर्दै प्रा अनिलकुमार सिंहले 'अम्बिका स्थान : आमी'मा विभिन्न धार्मिक मिथक तथा किंवदन्ती र साक्ष्यहरू प्रस्तुत गरेका छन्। सिवान जिल्लाका दुई प्रमुख तीर्थस्थलका बारेमा प्रा विजयकुमार सिंहले 'बाबा महेन्द्रनाथधाम' शीर्षकमा तार्किक लेख प्रस्तुत गरेका छन्। गोपालगंज जिल्लाको अत्यन्त प्रसिद्ध तीर्थस्थलको बारेमा प्रकाश पार्दै डा राजीव कुमारले 'सबकी सुनती है माँ थावेवाली' लेखेका छन्। पटनाको प्राचीन तीर्थस्थलको बारेमा डा अरविन्द कुमारले 'नगररक्षिका : माँ पटनदेवी' शीर्षकमा मटनदेवी, महावीरमन्दिर, शीतला मन्दिर, काली तथा अखण्डवासिनी आदि स्थानबारे स्पष्ट पारेका छन्। मगध नरेश जरासन्धका पिता वृहद्रथले सधैं पूजा गर्नेको मन्दिर 'वैकटधाम'को बारेमा राजकुमार राजुले प्रकाश पारेका छन् भने विश्वप्रसिद्ध स्थल नालन्दाको बारेमा वीरेन्द्रकुमार ओझाले 'नालन्दा के कण–कण में हैं बुद्ध और महावीर' शीर्षकमा सङ्क्षेपमा शीर्षकानुकूल विषयवस्तुलाई प्रस्तुत गरेका

(बाँकी चौथो पातामा)

# सञ्चार क्षेत्रमा निली खाने अजिङ्गरे पत्रकार

सरोकार



राजेश मिश्र
rajesh560107@gmail.com

भगवान् ब्रह्मा, विष्णु, महेश एकसाथ देवलोकमा विराजमान थिए। उनीहरूबीच पृथ्वी, जल, अग्नि, वायु र आकाशको अवस्थाबारे चर्चा परिचर्चा चलिरहेको थियो। सोही बखत 'नारायण... नारायण...' भन्दै नारदमुनि प्रकट भए। नारदमुनिले देउताहरूलाई ढोग–प्रणाम गरे।

आशीर्वचन दिँदै जगत्पिता ब्रह्माले नारदमुनिसँग आकाश, पाताल र पृथ्वीलोकको समाचारबारे जिज्ञासा प्रकट गरे। प्रतिउत्तरमा नारदमुनिले चन्द्रलोकमा चन्द्रयान–३ को अवतरण, पृथ्वीलोकमा रूस–युक्रेन युद्ध, जी–२० समिट, विश्यव्यापी आर्थिक मन्दी र एशियाली क्रिकेट प्रतियोगिताका साथै पातालमा भूमिगत पानीको घट्दो सतह आदि विविध क्षेत्रका समाचार सम्प्रेषण गरे।

ब्रह्माजीले पुनः सोधे, "हे मुनि ! पशुपतिनाथको रूपमा विराजमान रहनुभएको कैलाशपतिको निवास स्थानको समाचार कस्तो छ ? त्यहाँ के भइरहेको छ ?"

नारदमुनिले कार्यपालिका, न्यायपालिका, व्यवस्थापिका र राजनीतिसँगै सुनकाण्ड, मिटरब्याज, राजधानीमा शिक्षकहरूको प्रदर्शन र आरती साहको परिवारको धर्ना, पूर्वसभामुख सुवासचन्द्र नेम्वाङको निधन, महँगीलगायत विविध क्षेत्रका सुखद एवं दुखद समाचार अवगत गराए। त्यसपछि केही कुरा भन्नै लाग्दा उनको कण्ठ अवरुद्ध र अनुहार मलिनो भयो। चञ्चल प्रकृतिका नारदमुनिको गम्भीर मुद्रा हेरेर देउताहरू चिन्तामग्न भए। देउताहरूले प्रश्न गरे, "हे नारदमुनि ! तपाईं तीनवटै लोकको असल समाचारदाता हुनुहुन्छ। तपाईंको अनुहार किन मलिनो भयो ? राक्षसहरूको हर्कतमा पर्नुभयो वा मौन हुनुका अन्य कारणहरू पनि छन् ? भन्नुहोस्, के समस्या छ ?"

उदास नारदमुनि यताउति हेर्न थाले। अन्ततोगत्वा महादेवको अनुहारमा केन्द्रित भई हात जोडेर भने, "हे नाथ ! पशुपतिनाथको रूपमा विराजमान हजुरको देश नेपालमा मेरो पेशाको मानमर्दन भइरहेको छ। केही समयअघि म नेपालको भ्रमणमा गएको थिएँ। त्यहाँ सञ्चार क्षेत्रमा निली खाने अजिङ्गरे पत्रकारहरूका कारण मेरो पेशा सङ्कटमा छ। चौतर्फी मानमर्दन भइरहेको छ। मेरो पेशालाई भूलोकमा देशको चौथो अङ्गको रूपमा परिभाषित गरिन्छ। त्यहाँ पत्रकारहरूको हकहित तथा सामाजिक दायित्व काँधमा बोकेर आफूलाई पत्रकारहरूको नेता ठान्ने पदाधिकारीहरू जिल्ला, प्रदेश र सङ्घ गरी तीन तहमा विराजमान छन्। महासङ्घका विभिन्न तहमा पथगामी र पथविहीन दुवैथरीका पत्रकारहरू छन्। यद्यपि कर्तव्यनिष्ठ पदाधिकारीहरू अजिङ्गरे प्रवृत्तिका पदभोगीहरूको ओतमा गुमनाम छन्। त्यहाँ खासगरी अजिङ्गरे प्रवृत्तिमा उनीहरू बढी लिप्त छन्, जो कर्तव्यपथमा शिथिल र पदको नशामा चूर छन्। उनीहरू अजिङ्गरभन्दा बढी शक्तिले सास तान्छन्, जे आउँछ निल्छन् र कसैले थाहै नपाउनेगरी पचाउने विद्यामा पारगङ्ग छन्। मेरो पेशालाई धुमिल्याउने दिशामा अग्रसर अजिङ्गरे पदभोगीहरूको अनुहार हेरेर म अत्यन्त दुःखित छु, प्रभु !"

नारदमुनिको कथा–व्यथा सुनेर देउताहरूले सोधे, "हे मुनि ! उनीहरूको काम–कर्तव्य के हो ?"

प्रतिउत्तरमा नादरमुनिले भने, "हे प्रभु ! उनीहरू संविधान र पेशागत विधानको अधीनमा रहेर निष्पक्षरूपले कर्तव्य प्रतिपालन गर्नुपर्ने दायित्वका साथै नयाँ पुस्तालाई सत्यपथमा डोऱ्याउने अभिभारासहित पदासीन छन्। यद्यपि उनीहरू 'काम कुरो एकातिर कुम्लो बोकी ठिमीतिर' भन्ने प्रख्यात नेपाली उखान चरितार्थ हुने दिशामा अग्रसर छन्। उनीहरू समाजको कल्याण, विधान र पेशागत मर्मविरुद्ध व्यक्तिगत स्वार्थपूर्तिमा बढी तल्लीन छन्। 'अजिङ्गरे' प्रवृत्तिले त्यहाँ पत्रकारिताको मर्यादा मात्र होइन, अपितु उनीहरूको देखासिकी नयाँ पुस्ता



दिशाविहीन हुने प्रबल सम्भावना रहेको मैले महसूस गरेको छु।"

लगत्तै महादेवले प्रश्न गरे, "हे नारदमुनि ! उनीहरू अजिङ्गरे प्रवृत्तिमा कसरी लिप्त छन् ? अजिङ्गरे प्रवृत्ति भनेको के हो ? सविस्तार सुनाउनुहोस्।"

नारदमुनिले भने, "हे प्रभु ! अजिङ्गर ठूलो र भारी प्रकारको सर्पको एक प्रजाति हो। विष नहुने तर सासले तानेर निली खाने, ज्यादै ठूलो किसिमको उष्ण कटिबन्ध प्रदेशमा पाइने सर्प हो। नेपाली शब्दकोषमा 'ज्यादा चलमलाउन नसक्ने किसिमको, ज्यादै ठूलो, अजङ्गको, खन्चुवा अर्थात् ज्यादै खाने, सुत्ने, अल्छी र अकर्मण्य' परिभाषित गरेको पाइन्छ। त्यसैले अजिङ्गरको चालचलनमा लिप्त पात्रलाई 'अजिङ्गरे' भनेर सम्बोधन गरेको हुँ। पत्रकारिता क्षेत्रमा अङ्कुरित अजिङ्गरे प्रवृत्तिले लोककल्याण र पत्रकारहरूको हकहित दुवै प्रभावित भइरहेको देखेर म अति क्षुब्ध छु, प्रभु।" नारदमुनिको वियोग देउताहरू ध्यानपूर्वक सुनिरहेका थिए।

अजिङ्गर सर्पको प्राकृतिक गुण वर्णन गर्दै नारदमुनिले भने, "हे प्रभु ! अजिङ्गर सर्पले कर्म गर्दैन। हावाको दिशामा मुख खोलेर बस्छ, स्वास तान्छ र ससाना निर्दोष जीवजन्तुहरूलाई शिकार बनाउँछ। त्यसैगरी, ठूलठूला प्रकारका जीवजन्तुहरूलाई पुच्छरमा बेरेर उनीहरूको प्राण हरण गर्छ र निल्छ। हे प्रभु ! जीवजन्तुको गुण चेतनशील प्राणीमा सर्नु अक्षम्य दोष अन्तर्गत पर्छ। देशको चौथो अङ्गको रूपमा स्थापित पत्रकारिताजगत्मा सीमित पदभोगीहरूमा जीवजन्तुको गुण सरेको भए तापनि त्यहाँ समस्त सञ्चारजगत् आलोचना खेप्न बाध्य छ। त्यहाँ मेरो पेशाको मानमर्दन भइरहेकोले म घोर चिन्तामा छु, प्रभु !"

भगवान् विष्णुको तर्फबाट प्रश्न आयो, "हे नारदमुनि ! के सबै पत्रकार अजिङ्गरे प्रवृत्तिमैं लिप्त छन् ?"

नारदमुनिले प्रस्ट पार्दै भने, "प्रभु ! सबै उस्तै छैनन्। कसैको दबाब र प्रभावमा नपर्ने प्रकृतिका सामान्य पत्रकार वा पदासीन पत्रकारहरूको कमी छैन। यद्यपि वैधानिक पथमा हिंड्ने जमातमाथि अजिङ्गरे प्रवृत्ति आफ्नो ओहोदा, सत्ता र शक्तिको दम्भ देखाउँछ। अजिङ्गरे प्रवृत्तिमा प्रायःजसो उनीहरू बढी लिप्त छन्, जो माथिल्लो नेतृत्व तहमा विराजमान छन्। प्रायःजसो उमेर र जोश–जाँगरले शिथिल उनीहरूमध्ये अधिकांश मानसिक तथा शारीरिकरूपले अशक्त छन्। त्यस कारण अजिङ्गरझैं बसीबसी सास तान्ने र निल्ने कार्यमा बढी उद्यत छन्, प्रभु !"

नारदमुनिको व्यथा सुनेर भगवान् ब्रह्मा र विष्णु अचम्मित भए। उनीहरूले महादेवसँग दृव्यदृष्टिले परिस्थितिको अवलोकन गराउने सन्दर्भमा अनुरोध गरे। भोलेनाथ मुस्कुराए। शिर हल्लाएर साक्षात्कार गराउने सङ्केत गर्दै नन्दी महाराजलाई प्रबन्ध मिलाउने आदेश दिए।

बरफको ढिस्कोमा एक मिटरको दूरीमा दुईवटा त्रिशूल गाडियो। टेलिभिजनको समतुल्य सेतो पर्दा झुन्ड्याइयो। भगवान् ब्रह्मा, विष्णु र महेश आआफ्नो आसनमा र नन्दी, सर्प, भूत, पिचाश, बारुला र पहेंलो माहुरीलगायत शिवगण पर्दाअगाडि विराजमान भए। केही बेरपश्चात् भगवान् शिवले नारदमुनिसँग अजिङ्गरे प्रवृत्ति बढी हाबी रहेको क्षेत्रबारे सोधे। प्रतिउत्तरमा नारदमुनिले प्रथमतः मधेस प्रदेशको नाम लिए। तत्पश्चात् भगवान् शिवको दिव्यदृष्टिले पर्दामा आठवटा खण्डमा आठवटै जिल्लाका गतिविधि दृश्यमान हुन थाल्यो।

शिवगण पृथ्वीलोकका दृश्यहरू हेरेर दङ्गदास थिए। उनीहरूमध्ये एकले औंलाले देखाउँदै जिज्ञासा प्रकट गर्दै भने, "हे नारदमुनि ! ठूलो मन्दिर भएको यो कुन ठाउँ हो ?" नारदमुनिले भने, "यो माता सीताको जन्थस्थल र मधेस प्रदेशको राजधानी जनकपुरधाम हो, र यहाँनेर मधेस प्रदेशका प्रादेशिक कार्यालयहरूको पङ्क्तिमा नेपाल पत्रकार महासङ्घको प्रदेश कार्यालय पनि स्थापित छ।" शिवगणले अन्य सातवटा खण्डमा दृश्यमान स्थानहरूको नाम जान्ने इच्छा जाहेर गरे। नादरमुनिले क्रमशः सिराहा, सप्तरी, महोत्तरी, सर्लाही, रौतहट, बारा र पर्साको परिचय साझा गरे।

लगत्तै नन्दी महाराजको स्वर गुन्जायमान भयो, "ठूल्ठूलो महल र मानिसहरूको बाक्लो उपस्थिति रहेको यो कुन ठाउँ हो ? एक ठाउँमा यति धेरै मानिस के गरिरहेका छन् ?" प्रतिउत्तर दिँदै नारदमुनिले भने, "हे शिवगण ! मधेस प्रदेशको आर्थिक नगरीको रूपमा प्रख्यात यो पर्सा जिल्लाको सदरमुकाम वीरगंज हो। बिहानको पैदल भ्रमणपश्चात् मानिसहरू चियापसलमा बसेर चिया पिउँछन् र विविध प्रकारका गपशप गर्छन्।"

नारदमुनिले भने, "सूचना प्राप्त हुने विविध स्थानहरूमध्ये सामाजिक जमघट पनि एक हो। यस्तो ठाउँमा सबै प्रकारका पत्रकार त होइन, तर प्रायःजसो अजिङ्गरे प्रकृतिका पत्रकारहरूको उपस्थिति हुने

(बाँकी चौथो पातामा)

# आनन्दको खोजी : मनको अन्तर्यात्रा

- हरिकृष्ण बराल
(राधामाधव स्वामी)
मुर्ली बगैंचा, वीरगंज

यदि हामीले बाहिरबाट मात्र ज्ञान भर्दै गयौं भने उसको स्मरणशक्ति बढ्नेछ, उसको दिमागमा धेरैभन्दा धेरै बौद्धिक सूचना जम्मा हुनेछन् तर भित्रको रचनात्मक खुबी भने सुस्त अवस्थामा सुतेर बस्नेछ, त्यसलाई जगाउने अवसर मिल्नेछैन। शिक्षाका कुराहरूलाई हामीले चार तहमा बाँडेर बुझ्दा राम्रो हुन्छ । शरीरको तह, हृदयको तह, मनको तह, अनि आत्माको तह । मानिसभित्र सिर्जनात्मकताको फूल फुल्न सक्यो भने मात्र हृदयको विकास हुन्छ। बाहिरबाट प्राप्त भएको ज्ञान एउटा सीमासम्म मात्र उपयोगी हुन्छ ।

साना बच्चाहरूलाई हामी यतिधेरै जानकारी दिइराखेका छौं, जुन त्यति धेरै दिन जरुरी छैन । सानै उमेरमा बच्चाको रुचिको विषय पत्ता लगाउनुपर्छ । यसको लागि मनोवैज्ञानिकहरूबाट अनुसन्धान गराउनुपर्छ। कुन बच्चामा कुन क्षमता लुकेर बसेको छ ? उसको क्षमतामा कति तीव्रता छ ? ऊ के बन्न सक्छ ? उसलाई त्यही दिशामा पठाउनु उचित हुन्छ ? ओशो भन्नुहुन्छ– बच्चालाई इतिहास पढाउन कुनै जरुरी नै छैन । उहाँ भन्नुहुन्छ– जुन कुरा बितिसक्यो, जुन कुरा भइसक्यो, त्यो कुराको अब केही काम छैन । कुन कुन राजाका बीचमा लडाइँ भयो ? भन्ने कुरा सिकाएर हामी बच्चाहरूमा विध्वंसात्मकता जगाउँदैछौं। यो भनेको सिर्जनात्मकताको विपरीत हो ।

यदि हामीले पुराना लडाइँहरूको बयान बच्चाहरूसँग गर्‍यौं भने केही बच्चाहरू प्राकृतिकरूपले कुनै एकको पक्षमा हुनेछन् र अर्कोको विपक्षमा हुनेछन्। यसको परिणामस्वरूप उसको मनमा एक आन्तरिक मानसिक शत्रुता निर्मित हुन जान्छ। उसको हृदयमा त्यस जाति वा पक्षप्रति दुर्भावना उत्पन्न हुन जान्छ र उसले यो कुरा आफ्नो मानसपटलबाट पछिसम्म पनि हटाउन सक्दैन ।

उदाहरणको रूपमा हामी २०औं शताब्दीलाई हेर्न सक्छौं । यो शताब्दी सर्वाधिक सुशिक्षित शताब्दी थियो। यही शताब्दीमा दुईवटा विश्वयुद्ध भए । विध्वंसतामा सबै शताब्दीलाई यसले उछिन्यो। यसबाट नै हामी बुझ्न सक्छौं कि हाम्रो शिक्षा प्रणाली कुन दिशामा गइरहेको छ । अब पनि हामीहरू यसै दिशातर्फ उन्मुख रहिरह्यौं भने हामीले तेस्रो तथा अन्तिम विश्वयुद्ध देख्न पाउने अवस्था आउन सक्दैन भन्न सकिंदैन। के हामीहरू यसै दिशामा अगाडि बढ्न चाहन्छौं ? समय छँदै हामीहरू सावधान हुनुपर्छ । यसमाथि हामीले निष्ठापूर्वक, गहिराइमा उत्रेर पुनर्विचार गर्नुपर्छ । सानासाना चीजहरूमा नयाँ पीढीलाई रचनात्मक बनाउनुपर्छ । उनीहरूलाई विध्वंसतातर्फ धकेल्नुहुँदैन।

घरमा हामी बच्चाले कुनै काम बिगार्‍यो भने उसलाई हकारपकार गर्छौं, कहिलेकाहीं रिसाउने पनि गर्छौं । तर हामीले बुझ्नुपर्ने कुरा यो छ कि ऊसँग अहिले धेरै ऊर्जा छ, उसले यो ऊर्जा खर्च गर्न केही न केही त गर्छ गर्छ । उफ्रिन्छ, खेल्छ, कुद्छ, सामानहरू यहाँबाट त्यहाँ सार्छ । अहिलेको जमानाका सबै सामग्री टुटफुट हुने खालका छन्, जस्तो– मोबाइल, टेलिभिजनदेखि लिएर भाँडाबर्तनहरू प्रायः सबै टुटफुट हुने खालका छन्। उसलाई यी सामान किन फुटायौ ? भन्नुको साटो हामीले उसलाई माटो मुछेर दिनुपर्छ र भन्नुपर्छ– तिमी यो माटो लेऊ र कुनै नयाँ चीज बनाऊ।

बच्चाले फूल, बिरुवा नाश गर्‍यो भने उसलाई बगैंचामा काम गर्न सिकाउनुपर्छ। उसलाई नयाँ बिरुवा लगाउन सिकाइदिनुपर्छ । उसको ऊर्जाको व्यवस्थापन गर्न उसलाई चित्र बनाउन, गीत गाउन, नाच्न, बाजा बजाउन, अभिनय गर्न, खेल खेल्न सिकाउनुपर्छ। उसलाई विभिन्न दिशामा हिंड्न लगाउनुपर्छ। उसमा जुन प्रतिभा लुकेर बसेको छ, त्यो प्रस्फुटित भएर बाहिर आउनेछ। उसलाई हामीले त्यही दिशातिर निर्देशित गर्नुपर्छ । तबमात्र उसको जीवनमा सिर्जनात्मकता तथा सन्तोष आउनेछ। सन्तोषी तथा सम्यक जीवन नै सुखी जीवन हो।

एउटा कुरा हामी सम्झना गरौं कि बितेका सय वर्षमा शिक्षाको विकासको साथसाथै मानिसहरूमा असन्तुष्टि पनि बढेको देखिन्छ। जति निराशा, अवसाद, तनाव आजको विश्वमा छ, यति यसअगाडि कहिल्यै थिएन। हाम्रा पूर्वजहरू जति हामी सम्झन सक्छौं– एक पुस्ता, दुई पुस्ता पहिलेका मानिसहरू हामीहरूभन्दा धेरै सुखी तथा शान्त थिए।

गहिरिएर हेर्दा उनीहरू हामीजस्तो सम्पन्न पनि थिएनन्, उनीहरूसँग हामीलाई प्राप्त भएजति सुविधाहरू पनि प्राप्त थिएनन्। तर पनि उनीहरू सन्तुष्ट जीवन बिताउन सक्षम थिए । आज हामीलाई किन जीवनमा सन्तोष छैन भनेर हामीले खोजी गर्‍यौं भने हामी पाउँछौं हाम्रो ऊर्जा सिर्जनात्मक छैन।

छोरीहरू करीब सात वर्षको हुने बित्तिकै आफ्नी आमाको काममा सहयोग गर्न थाल्छन्। खाना पकाउन तथा घर धन्दाको काममा सघाउन थाल्छन्। यसै कारणले छोरीहरूले खाना पकाउन छिटै सिक्छन्। पहिलेको जमानालाई हेर्ने हो भने त्यस बेला सिर्जनात्मकता एकदम सहज थियो। कुमालेको छोरा कुमाले नै हुन्थ्यो भने पानपसलेको छोरा पानपसले नै हुन्थ्यो।

क्रमशः

# चिन्तारोग वा एंग्जाइटी डिर्जाडर : २

चिन्ताका कारणहरू निम्नलिखित छन्– १. साइकोडायनामिक थ्योरी २. बिहैवियरल थ्योरी ३. कग्निटिभ थ्योरी ४. बायलोजिकल थ्योरी, जसमा आउँछन्– जिनेटिक, केमिकल, बेन्जोडाइजिपिन रिसेप्टर, अदर न्युरोट्रान्समिटर र एनाटोमिकल थ्योरीहरू।



वाटिका
डा शिवशङ्कर यादव
shivshankaryadav3398@gmail.com

**जब यसको प्रवाहमा गडबडी हुन्छ, तब मानिस चिन्ताको आवेगलाई रोक्नमा असमर्थ हुन्छ अथवा चिन्ताले समात्छ। बेन्जोडाइजिपिनले जिएबिएको प्रवाहको यसै गडबडीलाई ठीक पारिदिन्छ र रोगीलाई निको पार्छ। यसैलाई जिएबिए बेन्जोडाइजिपिन थ्योरी भनिन्छ।**

चिन्ता रोगको वर्णन बीचैमैं स्थगित गरेर हामीले दुई अङ्क बुढचौली रोगको वर्णनमा खर्च गर्‍यौं। त्यो सकेपछि अब फेरि चिन्ता रोगको वर्णनमा फर्केका छौं । याद गर्नुस्, हामी चिन्ताका कारणसम्म पुगेका थिऔं, जसका उपरोक्त चार कारणमध्ये साइकोडायनामिक थ्योरीको वर्णन भइसकेको थियो। अब बाँकी छन्–

२. **बिहेवियरल थ्योरी** : यसको मतलब हुन्छ, जीवको व्यवहारमा देखिने कारण। यस अनुसार चिन्ता कुनै पनि जीवको जीवनमा घटित पीडा र खतराविरुद्धको प्रतिक्रिया वा व्यवहार हो। जब यो प्रतिक्रिया विना कुनै पीडा वा खतरा पनि परिलक्षित हुन्छ भने त्यो नै वास्तविक चिन्ता हो। यो थ्योरी उपचारमा त काम लाग्छ तर चिन्ताको विस्तृत व्याख्यामा काम लाग्दैन।

३. **कग्निटिभ थ्योरी** : कग्निटिभको मतलब हुन्छ एकत्रित। तपाईंको ब्रेनमा सबै संवेदनाको प्रोसेसिङ एकैसाथ हुन्छ । तर चिन्ताको अवस्थामा के देखिन्छ भने डर आदि नकारात्मक कुराको प्रोसेसिङ नै अनुपातमा बढी हुन्छ र चिन्ताको रूप लिन्छ।

४. **बायोलोजिकल थ्योरी** : यसको मतलब हुन्छ, शरीरको बायलोजीमा गडबडी । यस अन्तर्गत जिनेटिक, केमिकल, जिएबिए बेन्जोडायजोपिन, अदर न्युरोट्रान्समिटर, न्युरोएनाटोमिकल र अर्गेनिक थ्योरी आउँछन्।

**जिनेटिक थ्योरी** अनुसार व्यक्तिमा चिन्ता उसको जीनमा नै हुन्छ। १५ देखि २० प्रतिशत देखिएको चिन्तामा व्यक्तिको बुबा वा आमामा पनि चिन्ता पाइएको छ। जुम्ल्याहा बच्चा दुई प्रकारका हुन्छन्: मोनोजाइगोट र डाइजाइगोट। मोनोको मतलब हुन्छ कि एउटै जाइगोट दुई भागमा विभक्त भएर दुईटा भ्रूणले बच्चा बनाउँछ, जसमा दुवै या त पुरुष या दुवै महिला हुन्छन्। डाइजाइगोटको मतलब हुन्छ, दुईटा बेग्लाबेग्लै जाइगोटको एक साथ निसेचन । यसमा भ्रूण पुरुष वा महिला एकसाथ हुन्छन्। के देखिएको छ भने मातापिताबाट आएको चिन्ता डाइजाइगोटभन्दा मोनोजाइगोटमा चार गुणा बढी हुन्छ। भन्न परोइन कि यसमा जीनको नै भूमिका हुन्छ।

**केमिकल** इन्डयुस्ड चिन्तामा केही केमिकलले चिन्ता ल्याउँछ र केहीले चिन्ता ठीक पनि गर्छ । मानिसलाई नसाबाट सोडियम लैक्टेट वा आइसोप्रोटिनाल वा कैफिन दिनुस् अथवा पाँच प्रतिशत कार्बनमोनोक्साइड सुँघाउनुस्, मानिसमा सितिमिती होइन, प्यानिक चिन्ताले समात्छ । तर यदि मानिसलाई पहिले नै एमएओई दिइएको छ भने प्यानिक इफेक्ट हुँदैन। यसको मतलब यो भयो कि केही केमिकलले चिन्ता पैदा गर्छ भने केहीले औषधिको पनि काम गर्छ।

**जिएबिए बेन्जोडाइजिपिन थ्योरी** सर्वाधिक आधुनिक सिद्धान्त हो । जिएबिएको पूरा नाम हुन्छ, गामा एमाइनो ब्युटेरिक एसिड । यसका दुई प्रकार हुन्छन्– टाइप १ र टाइप २। यही ब्रेनको इन्हिविटरी न्युरोट्रान्समिटर हो, मतलब यो कि कुनै पनि अवाञ्छित संवेगलाई रोक्न सक्ने केमिकल । जब यसको प्रवाहमा गडबडी हुन्छ, तब मानिस चिन्ताको आवेगलाई रोक्नमा असमर्थ हुन्छ अथवा चिन्ताले समात्छ । बेन्जोडाइजिपिनले जिएबिएको प्रवाहको यसै गडबडीलाई ठीक पारिदिन्छ र रोगीलाई निको पार्छ। यसैलाई जिएबिए बेन्जोडाइजिपिन थ्योरी भनिन्छ।

**अदर न्युरोट्रान्समिटर**मा आउँछन् नरइपिनेफ्रिन, सिरोटिनिन र डोपामिन। शरीरमा यिनको कमीले पनि चिन्ता गराउँछ।

**न्युरोएनाटोमिकल थ्योरी**मा ब्रेनका अनेक भागमध्ये लोकस सेरुलस, लिम्बिक सिस्टमर प्रिफ्रोन्टल कार्टेक्स । यिनमा जब रगतको प्रवाह बढी हुन्छ, तब चिन्ता देखिएको छ तर पनि कडा चिन्तामा प्रवाह कम भएको हुन्छ। अतः ब्रेनका यी भागमा रगतको सञ्चार सन्तुलित हुनुपर्छ।

**अर्गेनिक थ्योरी** अनुसार चिन्ता कुनै शारीरिक बिमारीले गर्दा सेकेन्ड्रीरूपमा परिलक्षित हुन्छ, जसरी थायरायड हार्मोनको कमी वा बढी भएमा, कोरोनरी हार्ट डिजिज भएमा।

**उपचार** : चिन्ताको उपचार बुँदागतरूपमा निम्नलिखित छन् :

१. शारीरिक क्रियाशीलता र स्वनिर्णयको विकास
२. धुम्रपान नगर्ने, मदिरा वा कुनै मादक पदार्थबाट परहेज
३. रिलेक्सेसन एक्सरसाइज : योगासन, शवासन आदि
४. सन्तुलित भोजन
५. भरपूर निद्रा
६. औषधिमा बेन्जोडाइजिपिन र हलुका एन्टिडिप्रेसेन्टले काम गर्छ, जसमा बेन्जोडाइजिपिनले जेनरलाइज्ड र प्यानिक दुवै चिन्तामा काम गर्छ तर माइल्ड एन्टिडिप्रेसेन्टले केवल प्यानिक चिन्तामा नै काम गर्छ। यसको अलावा प्रोपेनोल र एटिनोल नामक औषधि स्ट्रेस र परीक्षाले उपस्थित गरेको चिन्तामा दिइन्छ। बेन्जोडाइजिपिनको साटोमा आजभोलि बुसपिरोन पनि दिइन्छ, यसले मानिसमा डिपेन्डेन्सी ल्याउँदैन तर यसले प्यानिकमा काम गर्दैन। बेन्जोडाइजिपिन दुवैमा काम गरे पनि डिपेन्डेन्सी पैदा गर्ने औषधि हो। अतः चिकित्सकको सटीक सल्लाहमा नै कुनै औषधिको प्रयोग गर्नुपर्छ। अस्तु

## सञ्चार क्षेत्रलाई ...

गर्छ । सामाजिक जमघट हुने स्थानमा कतिपय यस्ता सूचनाहरू प्राप्त हुन्छन्, जुन सञ्चार क्षेत्रको लागि अहम् हुन सक्छ।"

नारदमुनिले भने, "हे शिवगण ! मैले त्यहाँ के देखेको छु भने अजिङ्गरे प्रवृत्तिमा लिप्त पत्रकारहरू सम्प्रेषण गर्नैपर्ने सूचनाको उपयोग अजिङ्गरे प्रवृत्तिमा प्रयोग गर्छन् । व्यक्तिको कमजोरी फेला परेपछि अदृश्य मार्गबाट सम्बन्धित व्यक्ति/निकायसम्म सूचना पुर्‍याउने र थर्काउने कार्य गर्छन् । स्वार्थसिद्ध भए मामला साफ वा नभए अजिङ्गरे चरित्र उदाङ्गो पार्छन् । पत्रकारिताजगत्लाई बदनाम गराउने र यस क्षेत्रमा दुर्गन्ध फैलाउने कार्य प्रायःजसो ओहोदा र शक्तिको खोल ओढेका अजिङ्गरे प्रवृत्तिधारीहरूद्वारा हुने गर्छ। ठीक यसको उल्टो उनीहरूले सभा, सम्मेलन वा सामाजिक तथा सार्वजनिक स्थानमा पत्रकारिताप्रति चरम निष्ठा दर्शाउँछन्।"

देउताहरूको ध्यानाकर्षण गर्दै नारदमुनिले भने, "हे प्रभु ! उनीहरूको आन्तरिक लीला हजुरहरूबाहेक दुनियाँलाई थाहै हुँदैन । अजिङ्गरे क्रियाकलापमा सकेसम्म उनीहरूले एक्लै निल्ने वा नभ्याए अजिङ्गरहरूको समूह निर्माण गरी निली खाने कार्य गर्छन्। बाहिरी आवरणमा आफूलाई स्वच्छ र श्रमजीवी पत्रकारको रूपमा प्रस्तुत गर्छन्। अजिङ्गरे प्रकृतिका पत्रकारहरू जुनसुकै छाता सङ्गठनमा आबद्ध भए तापनि अजिङ्गरे क्रियाकलापमा उनीहरूको मत एक हुन्छ।"

नादरमुनिलाई बीचमा रोक्दै महादेवको मुखारबाट स्वर प्रस्फुटित भयो, "हे नारदमुनि ! पथप्रदर्शक नै पथभ्रष्ट हुने यो हर्कत घोर अनिष्टको सङ्केत हो। वास्तवमा तपाईंको भनाइबाट देवी सीताको जन्मभूमिमा पत्रकारिता पेशा सङ्कटग्रस्त रहेको अवगत हुन्छ।"

नारदमुनिले भने, "हे नाथ ! अजिङ्गरे पथमा सामान्य वा कर्तव्यनिष्ठ पत्रकारहरू हिंड्न सक्दैनन् । त्यहाँ प्रायःजसो अजिङ्गरे पदभोगीहरूको वर्चस्व छ। विधान, कर्तव्य र मर्यादा एकातर्फ राखेर अजिङ्गरे पत्रकारहरू एक ढिक्का हुन्छन्। आआफ्नो दलको पुच्छर समातेर चाप्लुसीको खेतीमा लीन रहन्छन्। त्यस कारण उनीहरूले आफूलाई नियम, कानून र विधानभन्दा पृथक प्राणी ठान्छन्।

नारदमुनिले अन्य क्षेत्रका कुप्रवृत्ति उजागर गर्ने सञ्चार क्षेत्र स्वयम् रोगग्रस्त रहेको कुरा देउताहरूसामु व्यक्त गरे । उनले देउताहरूलाई अनुरोध गर्दै भने, "हे देव ! अजिङ्गरे प्रवृत्तिले नेपालमा मेरो पेशा अति सङ्कटग्रस्त छ । त्यस कारण संयन्त्रभित्रको अजिङ्गरे प्रवृत्ति र अदृश्य बेथितिहरू निर्मूल नहुन्जेल पदभोगीहरूबाट देश, समाज र कर्मठशील पत्रकारहरूको कल्याण सम्भव छैन।

भगवान् ब्रह्मा, विष्णु र महेश नारदमुनिको कथनप्रति भावविभोर हुँदै उनीहरूले पत्रकार महासङ्घका सङ्घ, प्रदेश र जिल्लासहित सम्पूर्ण तह र पदभोगीहरूको कामकारबाही अनुसन्धान गर्ने जिम्मेवारी सर्प, भूत, पिचाश, बारुला र पहेंलो माहुरीलगायत देवगणलाई प्रदान गरे । पदभोगीहरूको सामाजिक सञ्जालमा प्रेषित गतिविधि, औपचारिक/अनौपचारिक बैठक, टेलिफोन वार्तालाप र उनीहरूको व्यक्तिगत जीवनशैलीप्रति केन्द्रित भई अनुसन्धान प्रक्रिया अगाडि बढाउने अनुमति दिइयो । त्यसपछि देवगण आआफ्नो कार्यक्षेत्रतर्फ प्रस्थान गरे।

मधेस प्रदेशको जिम्मेवारी पाएका देवगणले अनुसन्धानको क्रममा विविध समस्यासँगै नयाँ सदस्यता र नवीकरणसम्बन्धी विवाद उत्कर्षमा रहेको ठम्याए। वीरगंज केन्द्रित अनुसन्धान गर्न आइपुगेका बारुला र पहेंलो माहुरी सम्मिलित समूहले सूचना सङ्कलन र गन्तव्यमा छापामारी गर्ने कार्य शुरू गरे।

छापामारीको क्रममा उनीहरू सम्भावित स्थानको खोजीमा यताउति डुलिरहेका थिए। रातिको आठ बजिरहेको थियो। सोही क्रममा एक बैठक कोठामा नयाँ सदस्यता र नवीकरणको सम्बन्धमा कुराकानी चलिरहेको देवगणले गन्ध पाए। कोठामा देवगणको प्रवेश भयो। ढोका बन्द कोठामा मदिरापानसँगै लट्ठ मुद्रामा गोप्य बैठक जारी थियो। देवगणले उनीहरूको प्रत्येक शब्द ध्यानपूर्वक सुन्न थाले। कोठामा सङ्घ र प्रदेश स्तरका पदभोगीहरूसँगै हुङ्कार भर्ने केही स्थानीय पत्रकार र फरक पेशाका असम्बन्धित पात्रहरूको पनि उपस्थिति थियो । उनीहरूबीच अघिल्लो वर्ष हुने निर्वाचनको गणितीय हिसाबकिताबसँगै विधान टेकेर भएपनि नयाँ सदस्यता र नवीकरणमा सकेसम्म प्रतिद्वन्द्वीहरूको नाम हटाउने र आफ्नो पक्षधरलाई समावेश गर्ने कुरा जोडतोडले चलिरहेको थियो। देवगणमध्ये कोही अडियो र कोही भिडियो बनाउन थाले।

केही समयपछि पूर्ववत् योजनाअनुरूप नामावलीमा हेरफेर गरियो। प्रदेश तहबाट नामावली सङ्घमा पठाइएको अनौपचारिक खबर प्रसारित गरियो । देवगणको अर्को टोलीले प्रदेश कार्यसमितिमा सम्बद्ध महिला पदाधिकारीहरूलाई समावेश नै नगरी पुरुष पदभोगीहरूले मनोमानी गरेको भन्दै महिला पदाधिकारीहरूले जारी गरेको विज्ञप्ति हात पारे। त्यसैगरी, देवगणले अनुसन्धानको क्रममा शिक्षक पेशामा आबद्ध पत्रकारहरूको सदस्यता र नवीकरणको सन्दर्भमा प्रदेश कार्यसमितिले केही शिक्षकलाई काखा र केहीलाई पाखा गरेको प्रतिक्रिया प्राप्त गरे । यसको अलावा अनुसन्धानको क्रममा जिल्लागत कार्यसमितिहरूले गरेका निर्णयमाथि प्रदेश कार्यसमितिले विधानविपरीत कार्य गरेको हर्कत पत्ता लगाए।

देउताहरूको आदेशबमोजिम अनुसन्धान गरेपछि पृथ्वीलोकबाट देवगण कैलाश फर्किए। पदभोगीहरूको कुनियत विषयक प्रतिवेदन र अडियो-भिडियो आदि प्रमाण साथै राखी देउताहरूलाई अर्पण गरे । उनीहरूले सङ्घीय कार्यालयको कामकारबाई हाल मुल्तबी रहेको देउताहरूलाई जानकारी गराए।

तत्पश्चात् देउताहरूले शनिदेवलाई आह्वान गरे । तत्कालै शनिदेव कैलाशधाममा प्रकट भए। वृतान्तसहित देवगणद्वारा प्राप्त प्रतिवेदन र प्रमाण देउताहरूले शनिदेवसमक्ष प्रस्तुत गरे। यस विषयमा कामकारबाही अघि बढाउन निर्देशन दिए । शनिदेवले अजिङ्गरे प्रवृत्तिमा लिप्त पदभोगीहरूको घरघरमा रोग, भोक, शोक जस्ता व्याधिहरूलाई पठाइने कुरा व्यक्त गर्दै देउताहरूबाट अनुमति लिई अन्तर्ध्यान भए।

सुमति कुमति सब के उर रहहीं।
नाथ पुरान निगम अस कहहीं॥
जहाँ सुमति तहाँ सम्पत्ति नाना।
जहाँ कुमति तहाँ विपत्ति निदाना॥

सुबुद्धि र कुबुद्धि सबैको हृदयमा वास गर्छ । जहाँ सुबुद्धि हुन्छ, त्यहाँ नानाप्रकारका सुखसुविधाले भरिपूर्ण रहन्छ। यद्यपि जहाँ कुबुद्धि छ, त्यहाँ परिणामस्वरूप विपत्ति प्राप्त हुन्छ। यसै विषयमा केन्द्रित चर्चा परिचर्चा देउताहरूबीच चलिरहेको थियो । केही बेरपछि देउताहरूले नारदमुनिसँग भने, "हे मुनि ! अजिङ्गरे प्रवृत्तिमा लिप्त पत्रकारहरूको 'विनाशकाले विपरीत बुद्धि' भएको छ । तपाईं चिन्ता नगर्नुहोस् । उनीहरूको सेवाको लागि शनिदेवलगायत विभिन्न ग्रहहरू हुनुहुन्छ।" तत्पश्चात् भगवान् ब्रह्मा, विष्णु र नारदमुनि आआफ्नो निवास स्थानतर्फ प्रस्थान गरे। यता महादेव ध्यानमा लीन भए। अस्तु !

## नजीकका ...

छन्। भोजपुर जिल्लाको सदरमुकाममा रहेको प्रसिद्ध तीर्थस्थलको बारेमा प्रा तृप्ति सिंहले 'आरा : आरण्य देवी' शीर्षकमा प्रकाश पारेकी छन्। डा रणवीरकुमार 'राजन'ले 'राममय है बक्सर : अद्भुत हैं यहाँकी पञ्चकोशी यात्रा' शीर्षकमा अत्यन्त खोजपूर्ण आलेख प्रस्तुत गरेका छन् । यसैगरी, डा धनञ्जय सिंहले 'कल्याणमयी है माँ अस्कामिनी' शीर्षकमा सूर्यवंशी राजा हरिश्चन्द्रका छोरा रोहिताश्वद्वारा स्थापित जिल्ला रोहतासको बारेमा पनि प्रकाश पारिएको छ। त्यहाँ अवस्थित शक्तिपीठ भुलनीधाम, गुप्तेश्वरधाम, गुप्ताधाम, तुतला भवानी, रोहितेश्वर मन्दिर, ताराचण्डी आदिबारे परिचयात्मक प्रस्तुति दिइएको छ।

कैमुर जिल्लामा रहेका विभिन्न धार्मिकस्थलका साथै पहाडमा रहेका मन्दिरहरूका बारेमा चर्चा गर्दै मृदुला रानीले 'कैमूरकी मा मुण्डेश्वरी' शीर्षकमा महिमा पनि गाएकी छन् । कपिलेश्वर शर्माले 'मुक्तिनाथ गया' शीर्षकमा अति नै प्रसिद्ध गया जिल्लाका तीर्थस्थलहरू यथाः विष्णुपद मन्दिर, मङ्गला गौरी तथा बोधगयाको बारेमा बताइएको छ। यसैगरी, सोनपुरमा रहेको कालीमन्दिरको पौराणिकताको बारेमा डा रामप्रसाद सिंहले 'कालीमन्दिरकी पौराणिकता' शीर्षकमा प्रकाश पारेका छन् । विभिन्न पौराणिक सन्दर्भलाई प्रस्तुत गर्दै प्रभाकर शर्मा 'शास्त्री'ले 'पञ्चतीर्थधाम' जुन अरवल जिल्लामा रहेको छ, तर्कपूर्ण चर्चा गरेका छन् । अरवलकै पूर्वमा रहेको लारी गाउँलाई धार्मिक दृष्टिले महत्त्वपूर्ण रहेको बताएका छन्– मनोज कुमार 'कमल'ले 'सतीनगरी लारी' शीर्षकमा। यसैगरी, डा यशवन्त कुमारले औरङ्गाबाद जिल्लामा रहेको एक ठाउँ उमगा पहाडको ऐतिहासिक तथा पौराणिक महत्त्व बताउँदै सान्दर्भिक आलेख लेखेका छन्– 'अति पावन है उमगा पहाड : यहीं विराजती है माँ उमगेश्वरी' शीर्षकमा। मगध जिल्लाको बराबर गाउँमा विश्वजीतकुमार 'अलबेला'ले 'सिद्धनाथकी भरती – बराबर' शीर्षकमा प्रकाश पारेका छन्। यसैगरी, जहानाबाद जिल्लाको देवकुण्डको बारेमा महेन्द्रप्रसाद 'देहाती'ले, डा यशवन्त कुमारले 'जातिगत मन्दिरोंका गाँव : सीतामढी' शीर्षकमा बिहारको नवादा जिल्लामा रहेको सीतामढी नामक एक गाउँको धार्मिक महत्त्वको बारेमा प्रकाश पारेका छन्। डा सुनयना रायले बिहारमा रहेका विभिन्न छवटा प्राचीन सूर्यमन्दिरका बारेमा 'लोक-वेद मान्य महानायक सूर्य' शीर्षकमा अत्यन्त खोजमूलक लेख प्रकाशित गरेकी छन्।

यसरी 'बिहारके लोकतीर्थ' पुस्तक आफैंमा एक विशिष्ट ग्रन्थ बन्न पुगेको छ। हरेकले आफ्नो ठाउँको ऐतिहासिक, पौराणिक तथा धार्मिक महत्त्वको बारेमा थाहा पाउनुपर्छ । पुराना जानकारीहरू एक ठाउँमा सङ्कलन गरेर भावी पुस्ताका लागि प्रस्तुत गर्न सक्नु तथा एक ठाउँको बारेमा रहेको जानकारी अन्यत्रका जानकारहरूमाझ पुर्‍याउन सक्नुलाई निकै ठूलो कार्य मान्नुपर्छ। यस अर्थमा बिहारका विभिन्न धार्मिकस्थलहरूका बारेमा लेखिएको र प्रकाशन गरिएको यो कृति साँच्चीकै विशिष्ट रहेको छ । हरेक जिल्लाको नक्शा पनि राखिदिएको भए तथा प्रदेशको राजधानी पटनादेखि ती जिल्ला तथा स्थानको दूरी पनि राखिदिएको भए यस कृतिमा सुनमा सुगन्ध थपिने थियो। र पनि यस प्रकार आफ्नो पालिका, जिल्ला तथा प्रदेशका प्रमुख स्थलहरूको ऐतिहासिक, धार्मिक, पौराणिक महत्त्वका बारेमा कृति प्रकाशन गर्नुपर्ने प्रेरणा यस कृतिले सबैलाई दिन सफल भएको छ।

# अन्तर्राष्ट्रिय समाचार

## 'जासूसमाथि नै प्रतिजासूसी गरेपछि भारतको संलग्नता खुल्यो'

टोरन्टो, ५ असोज/एपी

भारतीय मूलका क्यानडाली शिखको हत्यामा भारतीय गुप्तचर संस्थाका कर्मचारीको संलग्नता रहेको विवरण गुप्तचरहरूबाटै प्राप्त भएका क्यानडाका एकजना अधिकारीले बताएका छन् । भारतको बाह्य खुफिया संस्थाका कर्मचारीमाथि निरन्तर गरिएको गुप्तचरीबाट उनीहरूको पोल खुलेको उनले एशोसिएटेड प्रेसलाई बताएका छन्।

क्यानडामा रहेका भारतीय कूटनीतिज्ञ र खुफिया एजेन्सीका अधिकारीको संलग्नतामा ४५ वर्षीय पृथकतावादी नेता हरदीपसिंह निज्जरको हत्या भएको सूचना अमेरिका, बेलायत, अस्ट्रेलिया, न्युजिल्यान्ड र क्यानडा संलग्न साझेदार खुफिया समूह 'फाइभ आइज'ले उपलब्ध गराएको नाम उल्लेख नगर्ने शर्तमा ती अधिकारीले बताए । उनले हत्याको सूचना कुन देशको जासुसी संस्थाबाट प्राप्त भएको हो भन्नेबारेमा भने केही उल्लेख गरेनन् ।

हत्यामा भारतीय कूटनीतिज्ञ एवं जासूसको संलग्नता रहेको समाचार सबैभन्दा पहिले क्यानडाको प्रसारण संस्था क्यानडा ब्रोडकास्टिङ कर्पोरेशनले सार्वजनिक गरेको थियो ।

भारतले क्यानडाका नागरिकलाई भिसा नदिने निर्णय गरेपछि हत्यामा भारतको हात रहेको गुप्तचर निकायबाट प्राप्त विवरण बाहिर आएको हो । भारतले नयाँ दिल्लीमा रहेका क्यानडाली कूटनीतिक कर्मचारीको सङ्ख्या घटाउन भनेको छ । क्यानडाका प्रधानमन्त्री जस्टिन ट्रुडोले गत सोमवार पृथकतावादी नेता हरदीपसिंह निज्जरको हत्याको पछाडि भारत सरकारको हात रहेको आरोप लगाएपछि भारत–क्यानडा सम्बन्धमा तनाव उत्पन्न भएको छ ।

आतङ्कवादी गतिविधिमा संलग्न रहेको आरोपमा पक्राउ गर्नुपर्ने व्यक्तिको सूचीमा रहेका निज्जरको गत जूनमा क्यानडाको ब्रिटिश कोलम्बियास्थित गुरुद्वाराबाहिर गोली हानी हत्या गरिएको थियो। पेशाले प्लम्बर उनलाई क्यानडाले सन् २००७ मा नागरिकता दिएको थियो।

क्यानडाको संसद्मा प्रधानमन्त्री ट्रुडोले आफ्नो देशको राष्ट्रिय सुरक्षा अधिकारीहरूले निज्जरको हत्यामा भारत सरकारका 'एजेन्ट'हरू संलग्न रहेका विश्वसनीय प्रमाण रहेको जानकारी दिएका बताएका थिए ।

क्यानडाका प्रधानमन्त्री र विदेशमन्त्रीले लगाएको आरोपलाई भारतको विदेश मन्त्रालयले अस्वीकार गर्दै दुवै नेताका भनाइलाई 'बेतुक' बताएको थियो ।

संयुक्त राष्ट्रसङ्घको ७८औं महासभालाई बिहीवार सम्बोधन गर्दै क्यानडाका प्रधानमन्त्रीले ओटावा र नयाँ दिल्लीबीच कूटनीतिक सम्बन्ध जटिल मोडमा पुगेको स्वीकार गरे । उनले भारतसँग सम्बन्ध बिगार्न आफूले नचाहेको तर विधिको शासनको पालना तथा आफ्ना नागरिकको रक्षा आफ्नो पहिलो कर्तव्य भएको बताए ।



हरदीपसिंह निज्जर

यसअघि क्यानडाले पृथकतावादी खालिस्तान नेता निज्जरको हत्यामा संलग्न रहेको आरोपमा एकजना भारतीय कूटनीतिज्ञलाई निष्कासन गरेपछि भारतले पनि उही शैलीमा क्यानडाका कूटनीतिज्ञलाई निष्कासन गरेको थियो।

भारतको विदेश मन्त्रालयले नयाँ दिल्लीमा रहेका क्यानडाका उच्चायुक्तलाई बोलाएर उच्चायोगका एकजना वरिष्ठ कूटनीतिक कर्मचारीलाई निष्कासन गरिएको जानकारी दिँदै निजलाई पाँच दिनभित्रमा भारत छाड्न आदेश दिएको थियो ।

भारतले क्यानडाका नागरिकलाई भिसा नदिएपछि उसको पर्यटन क्षेत्रमा असर पर्ने दुवै देशका पर्यटन व्यवसायीले बताएका छन् । भारतको अध्यागमन कार्यालयका अनुसार गत वर्ष दुई लाख ७७ हजार क्यानडेली पर्यटकले भारत भ्रमण गरेका थिए । रासस

### भारतमा ...

भारतको केन्द्रीय विद्युत् प्राधिकरण र नेपाल विद्युत् प्राधिकरणका उच्च अधिकारीबीच थप बिजुली निर्यातका लागि प्रसारण पूर्वाधार प्रयोग गर्ने विषयमा सहमति भएको प्राधिकरणका निर्देशक प्रबल अधिकारीले जानकारी दिए ।

छलफलमा नेपाल विद्युत् प्राधिकरणका कार्यकारी निर्देशक कुलमान घिसिङ, प्राधिकरणका निर्देशक प्रबल अधिकारी तथा भारतको केन्द्रीय विद्युत् प्राधिकरणका चिफ इन्जिनियर राकेश गोयललगायतको सहभागिता थियो।

पछिल्लो छलफलपछि नेपालसँग सीमा जोडिएका बिहार र उत्तर प्रदेशलगायत प्रदेशमा थप आठ सय मेगावाट बिजुली निर्यातका लागि छलफल भएको हो । छलफलका आधारमा आगामी संयुक्त निर्देशक समितिको बैठकमा प्रस्ताव पेश गरिनेछ ।

नेपाल र भारतको बिहारबीच १३२ केभी क्षमताका छवटा प्रसारण पूर्वाधार जोडिएका छन्। यस्तै, नेपाल र भारतको उत्तर प्रदेशबीचमा निकट भविष्यमै सम्पन्न हुने चरणमा न्यू नौतनवा मैनिहिया, कोहलपुर नानपाराबीच १३२ केभी प्रसारण लाइन जोडिनेछ ।

भारत सरकारले जारी गरेको विद्युत् व्यापार निर्देशिकाबमोजिम ती राज्यमा र त्यसभन्दा बाहिर अन्य राज्यमा समेत विद्युत् व्यापारका लागि नेपाल विद्युत् प्राधिकरणले थप सुविधा पाउनेछ । भारतको बिहार र उत्तर प्रदेशका समेत प्रसारण लाइनमार्फत अन्य राज्यमा बिजुली पठाउँदा प्रसारण शुल्क भने नियामक निकायले तोकेबमोजिमको तिर्नुपर्नेछ ।

यस्तै, प्राविधिक कारणले गर्दा ३३ केभी र ११ केभी क्षमताका प्रसारण लाइनमार्फत भने अब बिजुली निर्यात नगर्ने र आयातका लागि मात्रै खुला गरिने भएको छ ।

त्यस्तै, भारतीय राज्यसँग जोडिएका १३२ केभी क्षमताका प्रसारण लाइन र चार सय केभी क्षमताका अन्तरदेशीय प्रसारणको प्रयोगका सन्दर्भमा पनि दुई पक्षबीच छलफल भएको छ ।

त्यस्तै, सूचना आदानप्रदानका लागि १३२ केभी क्षमताका प्रसारण लाइन 'डेटा र भ्वाइस कम्युनिकेशन'का लागि 'स्काडा सिस्टम'मार्फत भारतीय केन्द्रीय भारप्रेषण केन्द्र र नेपालको भारप्रेषण केन्द्रबीच जोड्ने प्रस्ताव गरिएको छ ।

त्यस्तै, भारतको राजधानी नयाँ दिल्लीमा मङ्गलवार र बुधवार बसेको नेपाल–भारत संयुक्त प्राविधिक टोली (जेटिटी)को बैठकले १३२ केभी क्षमताको प्रसारण लाइनमार्फत अन्य राज्यस्तरमा समेत विद्युत् खरीद–बिक्री गर्न सक्ने निर्णय गरेको छ ।

नेपाल–भारत संयुक्त प्राविधिक टोलीको १४औं बैठकमा नेपालका तर्फबाट ऊर्जा, जलस्रोत तथा सिंचाइ मन्त्रालयका सहसचिव सन्दीप देवले नेतृत्व गरेका थिए ।

सोही बैठकले भारतीय कम्पनी सतलज विद्युत् निगमले निर्माण गरिरहेको चार सय केभी क्षमताको ढल्केबर–सीतामढी प्रसारण लाइनसमेत प्रयोग गर्ने सहमति भएको छ। सो प्रसारण लाइनको क्षमता उपयोग गर्ने विषयमा सहमति भएको सहसचिव देवले जानकारी दिए ।

यसैगरी, हाल सञ्चालनमा रहेको ढल्केबर–मुजफ्फपुर अन्तरदेशीय प्रसारण लाइनको क्षमता पनि आठ सय मेगावाट बराबर पुर्‍याइएको छ । हाल निर्माणाधीन हेटौंडा–ढल्केबर चार सय केभी क्षमताको प्रसारण लाइन पूरा भएपछि नेपालले ढल्केबर–मुजफ्फपुर प्रसारण लाइनको क्षमता अनुसार नै बिजुली आयात–निर्यात गर्न पाउनेछ ।

### आजको राशिफल

| | |
|---|---|
| मेष – प्रगति | वृष – रोगभय |
| मिथुन – व्यापारवृद्धि | कर्कट – शत्रुपराजय |
| सिंह – ज्ञानोदय | कन्या – भयचिन्ता |
| तुला – मित्रमिलन | वृश्चिक – अतिथिआगमन |
| धनु – खर्चवृद्धि | मकर – धनलाभ |
| कुम्भ – सफलता | मीन – राज्यलाभ |

ज्योतिषी पं. छविरमण सुवेदी, सि.सं.मा.वि.कलैया

### रानीघाट–पोखरिया बस समिति

- भिस्वा– बिहान ७:४० बजे
- भिस्वा– बिहान १०:०० बजे
- भिस्वा– मध्याह्न १२:०० बजे
- भिस्वा– दिउँसो १:३० बजे
- दसौता– दिउँसो २:३० बजे
- सेढवा– दिउँसो ३ बजे
- देउरिया– दिउँसो ३:१५ बजे
- भिस्वा– दिउँसो: ३:४० बजे

यहाँ स्तरीय छपाईसम्बन्धी सम्पूर्ण कार्य गरिन्छ ।
बिल, बुक, खाता
क्यालेन्डर, ब्रोसर, पोस्टर
विवाह कार्ड, लेटरप्याड
पुस्तक, डायरी
भिजिटिङ कार्ड
फ्लेक्स, ब्यानर
प्रतीक प्रकाशन समूह प्रा. लि. (अफसेट छापाखाना)
त्रिमूर्ति सिनेमा हल रोड, श्रीपुर, वीरगंज-११ (नेपाल), पोस्ट बक्स नं. ७९, फोन नं. ०५१-५२५१२२, ५२३१०५
email: prateekdaily@gmail.com, Website: eprateekdaily.com

## धर्म–संस्कृतिको संरक्षण गर्ने दायित्व सबैको –नगरप्रमुख सिंह

प्रस, वीरगंज, ५ असोज/

वीरगंज महानगरपालिकाका प्रमुख राजेशमान सिंहले धर्म–संस्कृतिको संरक्षण गर्ने दायित्व सबैको रहेको बताएका छन्।

नवजनकल्याण युवा सञ्जालले बिहीवार साँझ आयोजना गरेको कार्यक्रममा उनले धर्म–संस्कृतिको रक्षा गरे मात्र आफ्नो पहिचान स्थापित हुने बताए ।

सञ्जालले श्रीकृष्ण जन्माष्ठमीको अवसरमा वीरगंजबाट लोप भएको झुलन महोत्सव आयोजना गरेकोमा नगरप्रमुख सिंहले प्रशंसा गरे ।

सञ्जालका अध्यक्ष महमद सगिर अलिले विगतमा श्रीकृष्ण जन्माष्ठमीको बेला भव्य झुलन महोत्सव आयोजना हुने गरेको बताउँदै अब हरेक वर्ष महोत्सवलाई निरन्तरता दिने बताए ।

उनले सामाजिक सद्भाव कायम गर्दै धर्म–संस्कृतिको रक्षाका लागि सबै लाग्नुपर्ने बताए ।




तस्वीरः सौजन्य

महोत्सवमा विभिन्न चरित्रको भूमिका निर्वाह गरेका बालबालिकालाई सम्मान गरिएको थियो ।

कार्यक्रम संयोजक रमितामाया गुप्ताको अध्यक्षतामा भएको कार्यक्रममा वीरगंज उद्योग वाणिज्य सङ्घका अध्यक्ष अनिल अग्रवाल, साहेब दरबार संस्थाका अध्यक्ष उमेशलाल सहनी, नगरप्रमुखका सचिवालय सल्लाहकार हरि पोखरेल, राप्रपाका नेता नरेश साह कानु, माईस्थान मन्दिर सञ्चालक समितिका अध्यक्ष दिना गुप्ता, अमित सिंह, अञ्जन गुप्ता, विजय सर्राफलगायतको सहभागिता थियो ।

## अनियमितता रोक्न मन्त्री सिंहको निर्देशन

प्रस, वीरगंज, ५ असोज/



तस्वीरः प्रतीक

मधेस प्रदेश सरकारका श्रम, रोजगार तथा यातायातमन्त्री चन्दनकुमार सिंह ।

मधेस प्रदेश सरकारका श्रम, रोजगार तथा यातायातमन्त्री चन्दनकुमार सिंहले यातायात व्यवस्था कार्यालयबाट हुने अनियमितता रोक्न कर्मचारीहरूलाई निर्देशन दिएका छन्।

यातायात व्यवस्था कार्यालय, वीरगंजको निरीक्षण गर्दै मन्त्री सिंहले सेवाग्राहीलाई दुःख नदिन कर्मचारीहरूलाई निर्देशन दिए। उनले भने, "विगतमा के भयो, कसले के गऱ्यो थाहा भएन ? तर अहिले मधेसको जनतालाई कुनै किसिमको समस्यामा पर्ने जस्ता गतिविधि हुन दिनुभएन ।" मन्त्री सिंहले संसार अहिले डिजिटल बन्दै गइरहेकोमा मधेस सरकारले पनि सबै काम पेपरलेस बनाउन गृहकार्य शुरू गरिसकेको बताए। विगतमा यो मन्त्रालय अन्य मन्त्रालयमा रहेकोले काम अस्तव्यस्त भएपछि सो मन्त्रालयबाट टुक्र्याइ व्यवस्थित तरीकाले काम अगाडि बढाइएको बताए ।

उनले यातायात व्यवस्था कार्यालयको कामकारबाई कात्तिकसम्ममा पेपरलेस हुने बताए । सेवाग्राहीहरूले घरमैं बसीबसी बैंकमार्फत कर तिर्न सक्ने, गाडीको नवीकरण गर्न सक्ने बताए ।

स्मार्टकार्ड छाप्नमा ढिलाइ हुनुमा आफ्नो कमजोरी रहेको बताउँदै मन्त्री सिंहले देशकै नमुना कार्यालयले अहिले सबैको तुलनामा बढी राजस्व दिने गरेको बताए ।

कार्यालय प्रमुख कमल गौतमले यातायात व्यवस्था कार्यालयमा कर्मचारीको अभाव रहेको बताए । कार्यालयबाट पाँच वर्षभित्रमा तीन लाख ९४ हजार ३१६ वटा सानाठूला गाडी दर्ता भएको बताए । प्रमुख गौतमले गत आवमा रु एक अर्ब ६० करोड राजस्व सङ्कलन गरिएको बताए ।

कार्यक्रममा प्रमुख जिल्ला अधिकारी हीरालाल रेग्मी, जनमत पार्टीका नेता ओमप्रकाश सर्राफलगायतको सहभागिता थियो ।

## राष्ट्रमार्ग साप्ताहिकको वार्षिकोत्सव सम्पन्न

नरेश यादव, पर्सागढी, ५ असोज/

मधेस प्रदेशका प्रमुख हरिशङ्कर मिश्रले पत्रकारिताप्रति सबैको आशा र विश्वास रहेको बताएका छन्। राष्ट्रमार्ग साप्ताहिकको परवानीपुरमा आयोजित वार्षिकोत्सव कार्यक्रमको उद्घाटन गर्दै प्रमुख मिश्रले पत्रकारको हातमा बम, बन्दुक हुँदैन तर उसले कलमको माध्यमबाट सबैखाले कुरीतिविरुद्ध लड्दै आएको बताए। उनले नेपालको सन्दर्भमा पनि सबैखाले परिवर्तनमा पत्रकारको भूमिका सराहनीय रहेको बताए । प्रमुख मिश्रले पत्रकारिता सेवामूलक पेशा भएकोले इमानदारी साथ निर्वाह गर्न आग्रह गरे । उनले यो पेशामा लागेकाहरूले कसैलाई काखापाखा गर्न नहुने बताए ।

मधेस प्रदेशका यातायातमन्त्री चन्दनकुमार सिंहले पत्रकारिताले सबैखाले विकृतिविरुद्ध खबरदारी गर्दै आएको बताए । उनले समाजमा रहेका कमीकमजोरी उजागर गर्ने र गरीबदेखि धनीसम्म अन्यायमा परेका सबै वर्गको पक्षमा समानरूपमा कलम चलाउनुपर्ने बताए। उनले पत्रकारिता दलगत नभएर स्वतन्त्र हुनुपर्ने बताए ।




पत्रिकाका प्रकाशक रामविनय साहको अध्यक्षतामा भएको कार्यक्रममा मधेस आयोगकी रेणु साह, व्यवसायी इच्छाबहादुर वाग्ले, इप्का, सिमराका प्रहरी नायब उपरीक्षक प्रदीपबहादुर क्षत्री, जसपाका स्थानीय नेता सञ्जु साहलगायतको सहभागिता थियो । कार्यक्रममा बुद्धिप्रसाद पाण्डेले स्वागत र सञ्चारकर्मी लक्ष्मी खरेलले सहजीकरण गरेकी थिइन् ।

### अध्ययन सँगसँगै सीप ....

कला समाजबाट लोप हुँदै गएको बताए। उनले घरमा आमासँग सिक्ने प्रचलन कम भएको, बालबालिकाहरू बाहिरका खानामा आश्रित हुँदै गएका बताए । घरको खाना स्वास्थ्यवर्धक हुने, आफैंले पकाउँदा स्वादिलो हुने र सीप पनि सिकिने उनले बताए ।

कार्यक्रममा पोखरा, लुम्बिनी, चितवन, काठमाडौं, धरान र वीरगंज नामबाट समूह बनाइ विद्यार्थीहरूले विभिन्न परिकार बनाएका थिए । शिक्षिकाहरू जया श्रेष्ठ, स्मिता थामी, अनीता चौरसिया, अञ्जु दास र नीना भण्डारीले निर्णायकको भूमिका निर्वाह गरेका थिए। वीरगंज समूहमा रहेका मोनिका गोले, अनुष्काकुमारी कानु, रोशनी साह, रिजन उप्रेती, ओमजी कलवार र अरविन्द पटेलले बनाएको खीर र दाल भरेको रोटीलाई सबैभन्दा स्वादिलो र राम्रो परिकार घोषित गरिएको थियो ।

### सङ्घीयतालाई बुझ्न मधेस ...

उपसभापति डोरप्रसाद अर्याल मधेसको जनताको गुनासो सुन्न पर्सागढी आइपुगेका छन् ।

पार्टीको केन्द्रीय निर्देशन अनुसार मधेसमा बस्ने हरेक जातजाति, भाषाभाषीहरूको जनअपेक्षा के छ? भनी बुझ्न उनी पर्सागढी नगरपालिका–३ को बडनिहार, झबराहा, वडा नं ४ को बर्वाटोंडी र वडा नं ५ को बहुअर्वाचोकका बासिन्दाको गुनासो सुनेका थिए ।

उपसभापति अर्यालले रास्वपा सङ्घीयताविरोधी नरहेको बताए । बलिदानीबाट आएको सङ्घीयताले अर्थतन्त्र धान्न नसकेको कारण सङ्घीयताको स्वरूप परिवर्तन गर्ने विषयमा हाम्रो चासो रहेको हुनाले आगामी निर्वाचनमा हरेक प्रदेशमा रास्वपाले उम्मेदवारी दिने बताए । उनले युवालाई सीपमूलक तालीम दिई स्वदेशमैं रोजगार सिर्जना गर्न सकिने र भ्रष्टाचारको प्रमुख शत्रु रास्वपा रहेको बताए ।

कार्यक्रममा प्रदेश कमिटी सदस्य समीर अन्सारी, पर्सा उपसंयोजक तुलसा अधिकारी, क्षेत्रीय उपसभापति शान्ति पौडेल, पर्सागढी नगर कमिटी उपसभापति जोखु मियाँ, डा चन्द्रभूषण सिंह, विक्रम कार्कीलगायतको सहभागिता थियो ।

# अध्ययन सँगसँगै सीप सिकाउँदै माउन्ट एडमन्ड

प्रस, वीरगंज, ५ असोज/

माउन्ट एडमन्ड माध्यमिक विद्यालयले अध्ययनसँगै सीप सिकाउने कार्यको थालनी गरेको छ।

यसै क्रममा विद्यालयले शुक्रवार माध्यमिक तहका विद्यार्थीहरूलाई समावेश गरी विभिन्न परिकार बनाउने तालीम दिएको छ।

शिक्षक रमेश कुशवाहाको पहलमा आयोजित कार्यक्रममा छवटा समूह बनाइ माध्यमिक तहका विद्यार्थीहरूले विभिन्न परिकार बनाएका थिए। सो परिकार बनाउन शिक्षिकाहरूले भूमिका निर्वाह गरेका थिए।




तस्वीरः प्रतीक

प्रधानाध्यापक अनन्तकुमारलाल दासले खाना पकाउनु पनि कला भएको बताए। उनले आधुनिकताको होडमा यो

(बाँकी अन्तिम पातामा)

# अधिकारको लागि शिक्षक सडकमा आउनु राज्यको लागि लाजमर्दो



तस्वीरः प्रतीक

माधव तिमल्सिना, काठमाडौं, ५ असोज/

प्रतिनिधिसभा सदस्य प्रदीप यादवले अधिकारप्राप्तिको लागि शिक्षकहरू सडकमा आउनु राज्यका लागि लाजमर्दो विषय भएको बताएका छन्।

शुक्रवार नेपाल शिक्षक महासङ्घ, पर्साले काठमाडौंमा आयोजना गरेको अन्तर्क्रियामा उनले शिक्षा विधेयक मुठीभर मानिसको स्वार्थमा ल्याइएको आरोप लगाए। उनले शिक्षकहरूले आन्दोलन नगरे सबै प्रकारका शिक्षकहरूको घाँटी काटिने अवस्था आउने बताए। शिक्षकको माग सम्बोधन गराउन आफू र आफ्नो दल तयार रहेको उनले बताए। सांसद यादवले शिक्षा विधेयक एनजिओ र आइएनजिओको स्वार्थमा आएको बताए।

महासङ्घ, पर्साका अध्यक्ष तीर्थराज यादवको अध्यक्षतामा भएको कार्यक्रममा सचिव विनोद गिरीलगायत पर्सेली शिक्षकहरूको सहभागिता थियो।


## लम्पी स्किन रोगबाट बचाउने उपायहरू

**पशुमा लाग्ने लम्पी स्किन रोगबाट बचाउन:**

- झिँगा, लामखुट्टे, किर्ना, भुसुना जस्ता टोक्ने वा रगत चुस्ने कीराहरूको नियन्त्रण गरौं।
- तीन महीनाभन्दा बढी उमेर समूहका पशुलाई लम्पी स्किनविरुद्धको खोप बर्सेनि लगाऔं।
- गोठ सफा राखी नियमित फिनेल पानी छर्कने गरौं।
- रोगी पशुलाई सामूहिक चरन/खर्क/आहालमा नलैजाऔं।
- सङ्क्रमित क्षेत्रका पशुको ओसारपोसार नगरौं।
- अन्यत्रबाट ल्याइएको पशुलाई कम्तीमा २८ दिन अलग्गै राखौं।
- मरेका पशु र लसपस भएको सोत्तरलाई गहिरो खाडलमा पुरौं।
- पशु चिकित्सकसँग परामर्श गरी लम्पी स्कीन रोगविरुद्ध खोप लगाऔं।

नेपाल सरकार
विज्ञापन बोर्ड







# खेलकूदको संसार

## एशियाली खेलकूद महाकुम्भ चीनको हाङ्चाओमा शनिवारदेखि

काठमाडौं, ५ असोज/रासस

चीनका हाङ्चाओ शहरमा शनिवारदेखि १९औं एशियाली खेलकूद प्रतियोगिता (एशियाड)मा शुरू हुँदैछ।

समारोहमा आयोजक, खेलकूद समिति, प्रशिक्षक, खेलाडी र व्यवस्थापक गरी १२ हजार पाँच सयभन्दा बढीको सहभागिता रहने आयोजकले जानकारी दिएको छ। जसमा ४० खेल, ६१ वटा विधा र ४८१ वटा प्रतिस्पर्धा हुनेछन्। एशियाली खेलकूद कुम्भ मेलाको उद्घाटन चीनका राष्ट्रपति सी जीनपिङले गर्नेछन्।

खेलाडीको मनोबल बढाउन तथा खेल कूटनीतिमा नेपालको भूमिका स्थापित गर्न चीनको औपचारिक भ्रमणका क्रममा प्रधानमन्त्री पुष्पकमल दाहाल 'प्रचण्ड' पनि उद्घाटन समारोहमा सहभागी हुनेछन्। प्रतियोगिताको उद्घाटन समारोहमा भाग लिन सिरियालगायत कयौं मुलुकका राष्ट्रपति र सरकार प्रमुख र नेताहरू हाङ्चाओ शहर पुगेका छन्।

प्रतियोगितामा एशियाली मुलुकका कीर्तिमानधारी खेलाडीको ठूलो सङ्ख्यामा सहभागिता हुनेछ। भविष्यमा हृदयदेखि हृदयसम्म (हर्ट टु हर्ट एट फ्युचर) नारा रहेको उक्त प्रतियोगिताका लागि हाङ्चाओ शहर हरेक तयारीका हिसाबले चुस्त, व्यवस्थित, सुन्दर, मनमोहक र झकिझकाउ तुल्याइएको छ। हाङ्चाओ ओलम्पिक खेलकूद केन्द्रमा चम्किलो लाइट शोसमेतको व्यवस्थापन गरिएको छ।

एशियाली मुलुकका लागि प्रतियोगिता एक आकर्षक र प्रतिष्ठाको विषय बनेको छ। प्रतियोगिता हाङ्चाओका साथै नजीकका छिमेकी शहरमा समेत आयोजना हुनेछ। विश्वका ४५ देशको सहभागिता रहने कुल ४० खेलमध्ये प्रतियोगितामा नेपालको तर्फबाट २९ खेलमा १२७ महिला र १२६ जना पुरुष गरी २५३ जना खेलाडीले प्रतिस्पर्धा गर्नेछन्।

एशियाडमा नेपालबाट तेक्वान्दोमा ११, फूटबलमा २२, बास्केटबलमा चार, आर्चरीमा चार, एथलेटिक्समा आठ, ब्याडमिन्टनमा आठ, बक्सिङमा १३, ब्रेकिनमा एक, क्यानोइमा एक, क्रिकेटमा १५, साइक्लिङमा दुई र ईस्पोर्ट्सम‌ा २३ खेलाडीले प्रतिस्पर्धा गर्नेछन्।

करातेमा आठ, गल्फमा छ, कुश्तीमा चार, ह्यान्डबलमा १६, जुडोमा आठ, कपर्दीमा १२, रग्बीमा १२, सुटिङमा दुई, स्क्वासमा छ, पौडीमा चार, फेन्सिङमा छ, टेबलटेनिसमा छ, टेनिसमा छ, ट्रायथलनमा चार, भलिबलमा २४, भारत्तोलनमा पाँच तथा उसुमा १२ खेलाडीको सहभागिता रहनेछ।

एशियाडमा ठूलो सङ्ख्यामा नेपाली खेलाडी सहभागिता हुन लागेको पहिलो घटना हो। नेपालले कराते र तेक्वान्दोलगायत मार्शल आर्ट खेल विधामा विगतदेखि नै उत्कृष्ट खेल प्रदर्शन गर्दै आएको छ।

प्रतियोगितामा मुलुकका तीन सुरक्षा निकायका विभागीय टोलीबाट १६२ जना खेलाडीको सहभागिता छ। नेपाली सेनाका ६३, सशस्त्र प्रहरी बलका ५३ र नेपाल प्रहरीका ४६ जना खेलाडीले विभिन्न खेल विधामा प्रतिस्पर्धा गर्नेछन्।

प्रतियोगितामा भाग लिन केही खेलाडी प्रतियोगिता स्थल पुगिसकेका छन् भने केही जाने क्रममा छन्। क्रिकेट होस् वा अरू कुनै पनि खेल विधामा पछिल्लो समय राष्ट्रिय र अन्तर्राष्ट्रिय प्रतियोगितामा नेपालले राम्रो प्रदर्शन गरिरहेको छ। एशियाडमा पदक लक्षित गरी नेपालले डेढ महीनादेखि खेलाडीलाई बन्द प्रशिक्षणमा राखेको थियो।

खेलकूद मात्र एउटा यस्तो विधा हो, शक्तिशाली राष्ट्रका अत्याधुनिक सुविधासम्पन्न रङ्गशालामा आफ्नो देशको झन्डा फहर्‍याउने र राष्ट्रिय धुन घन्काउने अवसर प्रदान गर्छ। खेल कूटनीतिमार्फत आपसी सहकार्य, विश्वास, विश्व एकता र पुनर्मिलनका आधार खडा हुने भएकाले खेल क्षेत्रको विकास राष्ट्रविकासको महत्त्वपूर्ण आधार बनेको छ।

सरकारले खेल क्षेत्रमा लगानी वृद्धि गर्ने, खेलाडीको आत्मस्वाभिमान, प्रोत्साहन, पुरस्कारको व्यवस्थापन गरेको छ। वृत्ति विकासमा थप योगदान गर्ने, राज्यको भूमिकालाई थप प्रभावकारी र जिम्मेवार बनाउन सरकार प्रयत्नशील छ।

एशियाली खेलकूद प्रतियोगितामा सहभागी खेलाडीको बिदाइ कार्यक्रममा प्रधानमन्त्री प्रचण्डले खेलाडीको मनोबल र वृत्ति विकासलाई सधैं प्राथमिकतामा राखिने विश्वास दिलाएका थिए।

# सार्वजनिक जमीन हडप्न खोज्नेलाई प्रमाण ल्याउन भन्दै फिर्ता पठाए

प्रस, निजगढ, ५ असोज/

बारा, निजगढ नगरपालिका–१० लालका जनप्रतिनिधिसहित स्थानीयहरूले लाल भालुखोलास्थित सार्वजनिक जमीन नामसारी गर्न खोज्नेलाई प्रमाण ल्याउन भन्दै हिजो शुक्रवार फिर्ता पठाइदिएका छन्।

निजगढ–१० लालको सीमानजीकैको जमीन साबिक हटिया गाविस हाल बकैया गाउँपालिका–६ भालुखोला बस्ने सुवन सिंह लोप्चनले बाराको जमीन हड्प्ने मनसायले चार वर्षअघिदेखि लगाएको ढुङ्गाको पर्खाल नहटाइ उक्त जमीन नामसारी गर्न छलफल गर्दा निजगढ–१० लालका जनप्रतिनिधि वडा सदस्य कुमारबहादुर मोक्तान, अन्य जनप्रतिनिधि, पूर्ववडाध्यक्ष पदमबहादुर मोक्तान, हीराबहादुर मोक्तान, गोपीलाल जिम्वालगायतका स्थानीयहरूले प्रमाण ल्याउन भन्दै लोप्चनलाई फिर्ता पठाएका थिए।

लोप्चनलाई सो जमीन आफ्नो भएको प्रमाण देखाउन लालका जनप्रतिनिधि, स्थानीयहरूले भनेपछि उनले प्रमाण देखाउन नसकेको वडा सदस्य कुमारबहादुर मोक्तानले जानकारी दिए।

मकवानपुर, बकैया गाउँपालिका–६ का वडाध्यक्ष फूलमान बमजन, जमीन दाबी लोप्चनसहित केही व्यक्ति छलफल गर्न आएका थिए।

निजगढ–१० लालस्थित सीमानजीकैको जमीन साबिक हटिया गाविस हाल बकैया गाउँपालिका–६ अन्तर्गत लोप्चनको नाउँमा रहेको



सार्वजनिक जमीन बिना प्रमण हड्प्न खोज्नेलाई रोक्दै वडाका जनप्रतिनिधि र स्थानीयवासीहरू। तस्वीरः प्रतीक

जग्गाधनी पुर्जा कित्ता नं १५२९ र १५३० बाहेक उनले ढुङ्गाको पर्खालले घेरेर साढे चार वर्षअघिदेखि कब्जा जमाउन थालेपछि लालका स्थानीयहरूले त्यस कार्यको विरोध गरेपछि लोप्चनले उक्त जमीन भोगचलन गर्न पाएका छैनन्।

सो जमीन आफ्नो भएको प्रमाण पेश गर्न लोप्चनलाई बारम्बार पत्राचार र मौखिक जानकारी दिए पनि उपलब्ध गराउन नसकेको रतनपुर सबडिभिजन वन कार्यालयका तत्कालीन प्रमुख एवं सहायक वन अधिकृत रविकान्त श्रीवास्तव र हालका प्रमुख एवं सहायक वन अधिकृत आविद हुसेनले जानकारी दिए। डेढ महीनाअघि सो विवादित जमीनमा लोप्चनले खनजोत गर्न मजदूर खटाएको जानकारी वनलाई पाउनासाथ सशस्त्र वनरक्षकको टोलीले एक मजदूरलाई पक्राउ गरी कागज गरेर छाडेको डिभिजन वन कार्यालय, बाराले जनाएको छ।

लोप्चनद्वारा अतिक्रमित जमीनबाट पूर्व–दक्षिणतर्फ बढीमा दुई सय मिटर दूरीबाट निजगढ हुँदै काठमाडौं जाने द्रुतमार्ग रहेकोले उनले उक्त जमीन हत्याउने प्रयास गरेका हुन्।

भौगोलिक सीमाको बारे निजगढ नगरपालिकाले समयमै अध्ययन गरी पहल नगर्दा बाराको जमीनलाई मकवानपुर अन्तर्गतका स्थानीय तहले नापनक्शा गर्ने गरेको पाइएको छ। राज्यद्वारा जारी गरिएको प्रशासनिक नक्शाविपरीत बागमती प्रदेश अन्तर्गत मकवानपुरको बकैया गाउँपालिकाले मधेस प्रदेश अन्तर्गत बाराको निजगढ–१० लालको विवादित जमीनलाई बकैया गाउँपालिकाले बारा, निजगढ नगर पालिकालाई कुनै जानकारी नै नदिई नापनक्शा गर्ने गरेको स्थानीयहरूले बताएका छन्।

२०७९ भदौ ११ गते सीमा आसपास र छेउछाउका विवादित जमीनबारे दुवै प्रदेशका सरोकारवाला निकाय, जनप्रतिनिधिहरूले वृहत् छलफल गरी टुङ्गिएपछि मात्रै अन्य कार्यहरू गर्ने सहमति भएको छ। छलफलमा निजगढ नगरपालिका प्रमुख सुरथ पुरी, उपप्रमुख सोममाया थिङ, वडाध्यक्ष आशाकाजी श्रेष्ठ, प्रमुख प्रशासकीय अधिकृत सुमन धिताल, वडा सदस्य कुमारबहादुर मोक्तान र बकैया गाउँपालिकाका अध्यक्ष धर्मराज लामिछाने, उपाध्यक्ष भक्तबहादुर खत्री, वडाध्यक्षहरू फूलमान बमजन, विश्वराज स्याङ्तान, वडा सदस्य विचारमान जिम्वा, प्रशासनिक तथा योजना अधिकृत तथा सुकुमबासी भूमि समस्या समाधान नापजाँच फोकल पर्सन मिलन दुलाललगायतबीच मौखिक सहमति भएको थियो। सो छलफलमा डिभिजन वन कार्यालय अन्तर्गतको रतनपुरी सबडिभिजन वन कार्यालयका प्रमुख एवं सहायक वन अधिकृत आविद हुसेन पनि सहभागी थिए।

लोप्चनले अतिक्रमण गरेको जमीन राष्ट्रिय वन क्षेत्रको भएको बकैया गापाका अध्यक्ष लामिछानेले बताएका छन्। सो गापाका पूर्वअध्यक्ष दामोदर खनालले पनि उक्त जमीन निजी नभई वन क्षेत्रको रहेको बताएका छन्।

लोप्चनले सो जमीन अतिक्रमण गर्दा लालबकैया खोलाको मुहान रहेको सिंचाइ कुलोसम्म जान समस्या पर्ने भन्दै लालबकैया कृषक सिंचाइ उपभोक्ता संस्था लालले रतनपुरी सबडिभिजन वन कार्यालयमा उजूरी दिएको थियो। सो उजूरीपछि विवाद चर्कने देखेर लोप्चनले सिंचाइको मुहानसम्म जान छ मिटर चौडाइको बाटो दिने सहमति गरेपछि उजूरी दिने संस्था पछि हटेपछि लोप्चनको मनोबल बढ्न गएको हो।

# काठ र साइकल बरामद

नरेश यादव, पर्सागढी, ५ असोज/

प्रहरी चौकी मिलनचोकको गस्ती टोलीले शुक्रवार बिहान पर्सागढी नगरपालिका–४ भेडाहाचोकबाट दुईवटा सालको गोलियासहित साइकल बरामद गरेको छ।

राष्ट्रिय वनजङ्गलबाट गोलिया ल्याइरहेका तस्करहरूले वनगस्ती टोलीलाई देखेपछि काठ र साइकल छाडेर फरार भएका थिए।

बरामद काठ र साइकल सबडिभिजन वन कार्यालय, सबैयामा बुझाइएको प्रहरी चौकी मिलनचोकका प्रसनि मित्र राईले बताए।